*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापककहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५८

नेपाल सम्बत् ११३५

इस्वी सम्बत् २०१५

बिक्रम सम्बत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**4th APRIL 2015**

| | | | |
|---|---|---|---|
| वर्ष- ३२ | अङ्क- १२ | ल्हुति पुन्हि | चैत्र २०७१ |





मूर्ख विद्याहीन व्यक्ति केवल मौनव्रत धारण गर्दैमा मुनि हुँदैन। तराजु जस्तै उत्तम विचार तत्त्वलाई धारण गरी पाप रहित हुन सक्ने व्यक्तिलाई मात्र मुनि भनिन्छ । यसरी नै आध्यात्मिक र बाहिरिक दुबै लोकलाई बोध गर्न सक्ने व्यक्तिलाई नै मुनि भनिन्छ ।

हिंसा गर्ने व्यक्तिलाई आर्य भनिन्दैन । कुनै पनि प्राणीलाई हिंसा नगर्ने व्यक्तिलाई मात्र आर्य भनिन्छ ।

शीलवान्, व्रतधारी बहुश्रुत, ध्यानी एवं एकांन्तवासी भई मैले पृथकजन व्यक्तिहरूले सेवन नगरेको नैष्क्रम्य सुख अनुभव गरिरहेको छु । त्यसैले तिमीहरूले पनि जब सम्म आश्रव क्षय् गर्न सक्दैनौ, तब सम्म "म दुःखबाट मुक्त भएँ" र "म संसार वन्धनबाट मुक्त भएँ" भनी विश्वास नगर ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भगवान् बुद्ध उहाँको शिक्षा र वैशाख पूर्णिमा

भगवान् बुद्धले सत्त्व प्राणीहरूको हित सुख हुने कार्य गर्नुहुँदै जीवन बिताउनु भयो । उहाँ जस्तो पवित्र महामानवको जीवनमा घटेका धेरैजसो अमूल्य घटनाहरू वैशाख पूर्णिमाको दिनमा नै घटेका थिए । त्यसैले पनि वैशाख पूर्णिमालाई महत्त्वपूर्ण दिनको रूपमा लिइन्छ ।

त्यसैले भनिएको छ–

"**सब्बदा सब्ब सत्तानं हितायच सुखायच**
**उय्युत्तो अकिलासु च अहो अच्छरियो जिनो**"

अर्थात् सँधै सबै सत्त्वहरूलाई सुखमय बनाउन प्रयासरत रहनु भएका अल्छी रहित बुद्ध कति आश्चर्यपूर्ण हुनुहुन्छ । सबै संस्कार अनित्य छन् भनि प्रकृतिको नियमलाई पत्ता लगाउनु भएका बुद्ध आफै ८० वर्षको वृद्धावस्थामा महापरिनिर्वाण हुनुभयो । यतिञ्जेल उहाँ आफूले गर्नुपर्ने सम्पूर्ण उत्तरदायित्व निभाएर जानुभयो । उहाँ परिनिर्वाण हुनुभएपछि बुद्ध शासन चिरस्थाई गर्नको लागि कोही पनि व्यक्तिलाई उत्तराधिकारी नियुक्त गरेर जानु भएन । तर उहाँले धर्म विनय पालन गर्नु नै बुद्ध शासन चिरस्थाई गर्ने उपाय हो । यही सबैको गुरू हुनेछ भनि प्रष्ट पार्नु भयो ।

भगवान् बुद्धको यस अन्तिम वचनलाई स्मरण गर्दै यसलाई पालन गर्न सक्नु नै बुद्ध गुण स्मरण गरी बुद्ध जयन्ति मानेको ठहरिने छ ।

भगवान् बुद्धको अन्तिम वचन यसरी रहेको छ– "**अप्पमादेन सम्पादेथ**" अर्थात् सधैं होशियार र सतर्क रहनु ।

सँधै होशियार र सतर्क रहन सक्ने व्यक्तिले नराम्रो एवं खराब गर्न सक्दैन । बुद्ध शिक्षालाई मध्ययन गर्दै जाँदा हामीले उहाँलाई शुद्ध एवं असाधारण गुणका धनीको रूपमा पाउँन सक्छौं ।

अंगुत्तर निकायमा उल्लेख भए अनुसार उहाँ परिशुद्ध र आश्चर्यपूर्ण गुणमा धनी अति परिशुद्ध व्यक्तित्व हुनुहुन्छ । जीवनभर उहाँ कुनै पनि क्लेशको वसमा परेको देखिदैन ।

परोपकारी कार्यमा जीवन अर्पण गर्नुभएका भगवान् बुद्धले भिक्षुहरूलाई "**चरथ क्खिवे चारिकं, बहुजन हिताय बहुजन सुखाय**" अर्थात्– "भिक्षुहरू ! धेरै भन्दा धेरै मानिसहरूलाई हित र सुख प्रदान गर्नको लागि चरित्रवान् भई धर्मप्रचार गर्न जानु । धेरैजसो मानिसहरू अज्ञानी छन् । उनीहरूलाई ज्ञानी बनाउनको लागि धर्मप्रचार गर्न जानु ।" भनि आफ्ना शिष्यहरूलाई उनीहरूको कर्त्तव्य बताउनु भएको थियो । भगवान् बुद्ध आफू मात्र परार्थ चर्यामा लाग्नु भएको होइन आफ्ना शिष्यहरूलाई पनि परोपकार कार्यमा लाग्न अर्ति दिनु भएको थियो ।

यसरी भगवान् बुद्ध पहिला आफू अन्धकार क्षेत्र पार गरी उज्यालो क्षेत्रमा पुगिसकेपछि मात्र उहाँले अरूलाई पनि यसरी अन्धकारबाट उज्यालो क्षेत्रतर्फ अगाडि बढ्ने मार्ग देखाउनु भएको थियो । आफूले मार्ग देखाउनु भएपछि उहाँले भन्नुभयो–

"**तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता**
**सुद्धि असुद्धि पच्चत्तं नाञ्ञो अञ्ञं विसोधये**"

अर्थात्– "आ-आफ्नो कमजोरी हटाई निर्दोष र शुद्ध एवं पवित्र व्यक्ति बन्नको लागि आफैले मेहनत गर्नु पर्दछ । मैले त मार्ग मात्र देखाउने काम गर्न सक्दछु । कसैलाई पनि शुद्ध र पवित्र पार्ने काम गर्न सक्दिन । कसैले कसैलाई शुद्ध पार्न सक्दैन । शुद्ध र अशुद्ध बन्ने कार्य त आ-आफ्नो हातको कार्य हो ।"

त्यसपछि भगवान् बुद्धले फेरि भन्नुहुन्छ– "**पभस्सरमिदं भिक्खवे चित्तं**"

अर्थात् हाम्रो मन त स्वभावैले परिशुद्ध छ । तर हामी वरिपरिको वातावरणले यस शुद्ध चित्तलाई अपवित्र पारिदिन्छ ।"

वातावरण असल बनाउनको लागि मानिसहरूको चित्त असल हुन अत्यावश्यक छ । त्यसैले भगवान् बुद्धले मानिसहरूलाई चरित्रवान् र सदाचारी बन्न सल्लाह दिनु भएको छ । त्यसको लागि उहाँले शील पालन गर्नुपर्ने (आचार संहिता) विषयमा सल्लाह दिनु भएको छ । बुद्ध, शिक्षाले शील, समाधि र प्रज्ञा विषयमा विस्तृत व्याख्या गरेको पाइन्छ । एकपटक भगवान् बुद्धलाई बाटोमा भेटिएको एक ब्राह्मणले यसरी प्रश्न गरेको थियो–

"भो श्रमण ! तपाइँको अनुहार एकदम तेजिलो छ । तपाइँको गति पनि शान्त छ । तपाइँ को हुनुहुन्छ ?" उसको कुरा सुनी भगवान बुद्धले भन्नुभयो–

"चतुआर्य सत्यलाई अध्ययन गरी बुझिसकें । त्याग्नुपर्ने जति सबै कुसंस्कार त्यागी बोध भइसकेको बुद्ध हुँ ।"

भगवान बुद्धको यस भनाईबाट थाहा पाउन सक्छौं–

शिक्षा अध्ययन गरे झैं आफूसंग भएका कमी कमजोरीलाई त्यागी असल शिक्षालाई अभ्यास र पालन गर्न सक्नु नै बुद्धको विशेषता हो ।



Downloaded from http://www.dhamma.digital

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) सारदामान शाक्य, कोपुण्डोल, ललितपुर, आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५,०००/-
२) डा. सागर शाक्य, बागबजार, काठमाडौंबाट स्व. आमा मोतीरत्न शाक्य, स्व. बुबा प्राणशोभा शाक्यको पुण्यस्मृतिमा – रू. १५,०००/-
३) नारायनलाल नकर्मी, दुगँबही – रू. ५,०००/-
४) सारदा घिमिरे तथा साथीहरू, बनेपा – रू. ३०००/-
५) बिकाश चन्द्र शाक्य, चार दोबाटो, बनेपा-१० – रू. ३,०००/-
६) रत्नायन परिवार, भक्तपुर – रू. २,५००/-
७) केशचन्द्र शाक्य, चार दोबाटो, बनेपा-१० – रू. २,०००/-
८) गौरी शङ्कर मानन्धर, बनेपा – रू. १,५००/-
९) मोती महर्जन, बौद्ध बृद्धाश्रम, बनेपाबाट भोजनको लागि – रू. १५००/-
१०) बिकाश मानन्धर, बनेपा-१० बाट स्व. बुबा गंगासागर मानन्धरको पुण्यस्मृतिमा – रू. १,०००/-
११) भिक्षु दीपङ्कर, संघाराम विहार, ढल्को – रू. ७५०/-
१२) बुद्धभक्त रञ्जित, बनेपा – रू. ५००/-
१३) भिक्षु विश्वकीर्ति तथा Ven. Thien Pho Thuan, USA बाट भोजन प्रदान ।
१४) लक्ष्मी मानन्धर, बाँख्यो, बनेपा, जलपानको लागि – रू. ५००/-
१५) भिक्षु शोभित महास्थविर, गण महाविहारबाट जलपानको लागि – रू. ५००/-
१६) प्रबिन्दराज तुलाधर, भोटाहिटी जन्मदिनको उपलक्ष्यमा – रू. ५००/-
१७) निर्मला तुलाधर, बिजेश्वरी, काठमाडौंबाट स्व. आमा कृष्णदेवी तथा स्व. बुबा काजीमान तुलाधरको पुण्यस्मृतिमा भोजन प्रदान ।
१८) NMB Bank को बनेपा शाखाबाट १९ औं वार्षिक उत्सवको उपलक्ष्यमा बालिकाहरूलाई स्टेशनरी सामग्री वितरण ।

### ❀ आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :

१९) Ven. Thien Pho Thuan, Thien An Buddhist Church, USA – Rs. 15010/-
२०) बसुन्धरा डंगोल, ज्यासःननी, बनेपा-४ स्व. बस्तमाया डंगोलको पुण्यस्मृतिमा रू. १५,१००/-
२१) भक्तलाल, सावित्री महर्जन, कटुसाल टोल, कीर्तिपुरले आफ्नो जन्मदिनको उपलक्ष्यमा रू. १५,०००/-

# धम्मपद–२८६

✍ **डा. रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

**यस्स रागो च दोसो च मानो - मक्खो च पातितो**
**सासपोरि व आरग्गा तमहं ब्रूमिं ब्राह्मणं**

*अर्थ–*

जसको राग, द्वेष, मान, तथा इर्ष्या सबै सियोको टुप्पोबाट तोरिको गेडा झरे झैं झरीसकेको हुन्छ, त्यसलाई नै म ब्राह्मण भन्दछु ।

*घटना–*

उपरोक्त गाथा भगवान बुद्धले वेणुवन महाविहार मा बस्नु भएको बेला महापन्थ स्थविरको कारणमा भन्नु भएको थियो ।

महापन्थ स्थविरले पहिल्यै अरहत्त्व लाभ गरी सक्नु भएको थियो जब उहाँका भाइ चुलपन्थ प्रव्रजित हुन आए । प्रव्रजित भएपछि चुलपन्थले चार महिनासम्म घोक्दा पनि एउटा गाथा सम्झन सकेन । यो देखी महापन्थ स्थविरले चुलपन्थलाई भन्यो– "तिमी यो बुद्ध शासनमा प्रव्रजित भएर बस्न योग्य छैनौ । तिमी गृहस्थहरूको भोग सम्पत्तिबाट पनि प्रहीण भइसक्यौ । तिमीलाई यहाँ राखी छोडेर के फाइदा ? तिमी यहाँबाट जाउ । "यस्तो भनी चुलपन्थलाई विहारबाट बाहिर निकाली ढोका थुनीदियो ।

यो कुरालाई लिएर भिक्षु संघमा चर्चा चल्यो । "महापन्थ स्थविरले त यस्तो उस्तो गऱ्यो । क्षीणाश्रवहरूलाई पनि रीस उठ्दो रहेछ ।" यस्तो कुराकानी चलिराखेको ठाउँमा भगवान बुद्ध आइपुग्नु भयो ।

बुद्धले सोध्नु भयो– हे भिक्षुहरू अहिले यो समयमा तिमीहरूको बिचमा के को बारेमा कुरा भइराखेको छ ? भिक्षुहरूले आफ्नो बिचमा कुरा भइराखेको बारेमा भने पछि भगवान् बुद्धले भन्नुभयो– "हे भिक्षुहरू क्षीणाश्रव भइसकेकाहरूसँग राग, द्वेष, आदि क्लेश बाँकि रहन्न । मेरा पुत्र महापन्थले कुनै अर्थ सिद्ध गर्नको लागि धर्म सिद्ध गर्नको लागि त्यस्तो गरेको हो ।" यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖



Downloaded from http://www.dhamma.digital

# अहिंसक हिंसक पछि फेरि अहिंसक

✍ भिक्षु अश्वघोष

बुद्धकालीन घटना हो। कोशल राजाको सल्लाहकार ब्राह्मणकी श्रीमतीले पुत्र जन्माइ। उसलाई अहिंसक नाम राखियो । क्रमशः बढेपछि उसलाई एउटा गुरूकुलमा पढायो। अहिंसक अति दक्ष विद्यार्थी हुन पुगे। पढ्न मात्र सक्षम भएको होइन आचरणमा, इमान्दारीपनमा आदि हरेक क्षेत्रमा अग्र हुन पुगे। संक्षिप्तमा भन्नु पर्दा असल मान्छे हुन पुग्यो । तसर्थ गुरू र गुरूआमाहरूको अति प्रिय हुनुपुग्यो अर्थात् गुरूको प्रशंसापात्र हुनुपुग्यो ।

ईर्ष्या भनेको धेरै खतराको कुरा रहेछ । उसको साथीहरूमा ईर्ष्याको भूत चढ्यो । अहिंसकको उन्नति देखेर प्रसन्न हुन नसकी इर्ष्याले जल्न थाले । साथीहरू एकत्रित भई षडयन्त्र गर्न थाले– जसरी भए पनि अहिंसक प्रति गुरूको प्रेम र मायामा फाटो वा फुट ल्याउनको लागि अहिंसक विरूद्ध चुक्लिगर्न सफल भए।

एक चोटी गुरू केही दिनको लागि बाहिर जानु परेको हुँदा घरको काम कारवाही जिम्मा दिई बाहिर जानु भयो। एक दिन अहिंसकलाई टाउको दुख्यो। गुरू आमाले उसको टाउको आफ्नो काखमा राखी कपालमा हात र ाखी औषधी राखी मालिस गरिरहेको देखे । उनीहरूले त्यही मौका पारी गुरू फर्केर आइसकेपछि अहिंसक र गुरू आमा बीच नराम्रो सम्बन्ध छ भनी चुक्लि गरे। गुरूले पनि सोचविचार नै नगरी विश्वास गर्न थाले । अविवेक विचारले अहिंसक प्रति द्वेष भाव गरी अहिंसकलाई मार्न कुचित्त गरी आफूले मार्न न हुने भएकोले अरू द्वारा मार्न लगाउन उपाय सोचेर अहिंसकलाई बोलाई भने "अहिंसक तिमी विद्या पारंगत भयौ, अव तिमीबाट मलाई गुरूपूजा गर्नुपऱ्यो । त्यो गुरूपूजा हजार मानिस मारेर उनीहरूको औंला काटेर माला बनाई पूजा गर।" गुरूको विवेक बुद्धि भ्रष्ट भयो । गुरू भक्तिले गर्दा अहिंसकको विवेक बुद्धि पनी भ्रष्ट भयो। उ हतियार चलाउनमा दक्ष थियो । उ जंगल पस्यो र बाटोमा हिंड्ने मानिसलाई समातेर मार्न थाल्यो र औंला काटेर माला बनाई रूखको हांगामा राख्ने गर्दा चील पंक्षीले लग्न थाल्यो । अनि अहिंसकले औंलाको माला बनाई माला लगाउन थाल्यो । त्यसपछि अहिंसक ज्यानमारा अंगुलिमालको नाममा प्रसिद्ध भयो ।

कोशल राज्यमा अंगुलिमालको हिंसा कार्यले सारै हाहाकार मच्यो। भय र त्रासले आतंकित भएको थियो। मानिसहरू कोशल राजाको दरबारमा गएर कराउन थाले-महाराज ! अंगुलिमाल हत्याराले गर्दा अति नै अशान्ति मच्चिएको छ । सैकडौं मानिसको ज्यान गइसक्यो । उसलाई मारिदिनु पऱ्यो । यसपछि राजाले सिपाहीले घेरा हाली अंगुलिमाल समात्ने योजना बनाउनु भयो। यही खबर सुनी अंगुलिमालका आमा आफ्नो पुत्रको अनुहार हेर्ने ईच्छाले जंगल पसिन्। त्यही दिन भगवान् बुद्ध करूणा समापत्ति ध्यानबाट उठ्नु भई "आज कसलाई उपकार गरूँ" भनेर विचार गर्नुभयो । उहाँको करूणा जालमा अंगुलिमाल पऱ्यो । त्यसपछि भगवान् बुद्धले अंगुलिमालको विषयमा यसरी सोच्नु भयो । "अहिंसक ज्यानमारा अंगुलिमाल हुन पुग्यो। उसले धनको लोभले मानिस मारेको होइन। गुरूको आज्ञा अनुसार गुरू पूजा गर्नको लागि मानिस मारेर औंला काटेको। गुरूपूजाको लागि उसले हिंसा कार्य गरेको हो। उसले गरेको पापको लागि गुरू नै उत्तरदायीत्व हुनेछ। आज अंगुलिमालको आमाले उसलाई भेट्न जान लाग्यो । सुनिन्छ आज एकजना मात्र मानिस मार्न पाए अंगुलिमालको कार्य पूर्ण हुनेछ। गुरू पूजा गर्ने इच्छाले अंगुलिमाल पागल बन्न पुग्यो। उ बेहोश जस्तै भयो। उसले आफ्नो आमालाई पनि नचिनी मारि दिन्छ। आमालाई मार्नु ठूलो पाप हुन्छ अनि दुःखबाट मुक्त हुन सक्दैन । अंगुलिमालको मनमा पुण्य रूपी बीऊ लुकि राखेको छ । अब मूल फुट्न लागेको छ । उसको आमा त्यहाँ पुग्नु भन्दा पहिले म त्यहाँ जानुपर्छ म अंगुलिमालको भलोको लागि जाने छु । मेरो मैत्री र करूणा शुद्ध छ भने त्यही सत्यद्वारा अवश्य उसको ढुंगा जस्तो मन कोमल होस् उसको विवेक बुद्धि जागृत होस्। उसको मन 'परिवर्तन होस्' यसरी बुद्धले अधिस्थान गर्नुभयो। उहाँले फेरि अधिस्थान गर्नुभयो" अंगुलिमाल बुद्ध नजिक आउन नसकोस् अंगुलिमालले बुद्धलाई मार्न खोजेको तर बुद्धसमक्ष पुग्न सकेन । अनि अंगुलिमालले भन्यो ए श्रमण रोक । बुद्ध भन्नुहुन्छ । मत रुकिरहेको छु । अंगुलिमालले भन्यो– श्रमण तिमीले झूठ नबोल्नु पर्ने किन झूठ बोलेको ?



Downloaded from http://www.dhamma.digital

अनि बुद्ध भन्नु हुन्छ म हिंसा कर्मबाट मुक्त छु। त्यसैले म रूकेको छु। तिमी हिंसा कर्म गरेर हिंडिरहेको। संसार चक्र लामो पार्दै छौ। अंगुलिमाल तिमी अहिंसक असल मान्छे थियो कसरी हिंसक बनेको ? तिमी आफ्नो गुरू पूजाको लागि हिंस्रक मार्गमा लाग्यौ। तिम्रो विवेक बुद्धि के भयो ? तिम्रो साथीहरूका बुद्धि र गुरूको बुद्धि भ्रष्ट भएकोले तिमी हिंसक बन्नु पुगेको हो एक छिन विवेक बुद्धि लगाएर सतर्क भएर विचार गर। अंगुलिमाल मा होश जाग्यो। मलाई करूणा राखी बुद्ध यहाँ आउनु भयो। म सारै अज्ञानी भएँ। गुरू भक्तिमा लागेर मेरो बुद्धि पनि भ्रष्ट भयो। कति मानिसलाई मारि सकें। कस्तो अन्ध भक्तिमा फसेको ! भो शास्ता ! तपाई म प्रति करूणा र दया गरी यहाँ आउनु भयो। मलाई कुमार्ग बाट बचाउनु भयो। म होशमा आएँ। म तपाइँको शरणमा पर्छु। मलाई अंधकार बाट उज्यालो तर्फ लाग्न सक्ने शिक्षा दिनुस्। बुद्धले अंगुलिमाललाई भिक्षु बनाउनु भयो। उ असल मानिस बन्यो। यो बुद्धको चमत्कार हो। यो बुद्धको आध्यात्मिक शक्ति हो।

एक दिन अंगुलिमाल भिक्षाटन जानु भयो। एकजना महिलाले भनिन् तपाइँ महात्मा हुनुहुन्छ। मेरो बुहारी प्रसुति व्यथाले छट्पटीई रहेको छ। तपाइँका मन्त्रले मेरो बुहारी ले सकुसल बच्चा जन्माउन सकोस्। ती स्त्रीको कुरा सुनेर अंगुलिमाल अकमकियो। किन कि उसलाई केही पनि आउँदैनथ्यो। अंगुलिमाल बुद्ध समक्ष गई सबै कुरा बतायो। अनि बुद्धले उसलाई यसरी मन्त्र सिखाइ दिनुभयो। "म जहिले आर्य बनें त्यो दिन देखि हिंसा कर्म गरेको छैन त्यही सत्य वचन द्वारा मैले कुसल पूर्वक बच्चा जन्माउन सकोस्"। यो सुनेर अंगुलिमाले भने यो त मिलेन भो शास्ता ! बुद्धले सोध्नु भयो किन ?

अंगुलिमालले भने– मैले धेरै मानिस हत्या गरिसकें। बुद्ध भन्नुहुन्छ। तिमी कस्तो अज्ञानी रहेछौं तिमीले जुनबेला मानिसको हत्या गर्‍यौ, त्यसबेला तिमी आर्य थिएनौ अहिले भिक्षु बनेर तिमी आर्य बन्यौं। भिक्षु बने पछि तिमीले हिंसा गरेको छैन। त्यही सत्य वचनको प्रभावद्वारा सकुशल बच्चा जन्माउन सकोस् भनी आशिर्वाद दिनु। अंगुलिमाल हर्षित भई गर्भवती कहाँ गएर बुद्धले सिकाउनु भएको सूत्र यसरी पाठ गर्नुभयो।

**"यतोहं भगिनी अरियाय जातिया जातो नाभि जानामि संचिच्च पाणं जीविता वोरोपिता, तेन सच्चेन सोत्थि ते होतु सोत्थि गब्भस्साति"**

अर्थ– "म जब देखि आर्य बने बहिनी, मैले जाना जानि प्राणी हिंसा गरेको छैन। यही सत्यवचन द्वारा सकुसल तिमीले बच्चा जन्माउन सकोस्।"

गर्भवतीले सकुसल बच्चा जन्माइन्। त्यो दिन देखि अंगुलिमाललाई धेरैले खुब सम्मान दृष्टिले हेर्न थाले। त्यसपछि अंगुलिमाल विपश्यना ध्यान अभ्यास गरेर अन्तर्मुखी बन्दै आफूलाई आफैले चिन्न सफल भई अरहन्त भए। जीवन मुक्त भए।

यसरी अहिंसक हिंसक भएर पछि फेरि अहिंसक नै बने।

## *यो पनि जानी राखे राम्रो ...*

# गरिबी

तपाईहरूलाई थाहा छ, गरिबी भनेको के हो ? धेरै भाइबहिनीलाई यसबारे जानकारी नहुन सक्छ। नेपालजस्तो मुलुकमा बस्ने भाइबहिनीहरूले यसबारे जानकारी राख्न भने आवश्यक छ। खान, लगाउन, बास बस्न, शिक्षा, स्वास्थ्य र सुरक्षा लिन वञ्चित हुने अवस्था नै गरिबी हो। दैनिक आवश्यक पर्ने आधारभूत आवश्यकता प्राप्त गर्न नसक्नु नै गरिबी हो। खाना, लगाउन, बस्न, शिक्षा स्वास्थ्यका लागि पैसाको आवश्यकता पर्छ। त्यसैले आधारभूत आवश्यकता पूरा गर्नका लागि आवश्यक रकम नहुने व्यक्ति गरिब हो। प्रतिदिन एक अमेरिकी डलरभन्दा कम आम्दानी हुनुलाई नै गरिबी भनिन्छ।

एक डलर भनेको नेपालको करिब एक सय रूपैयाँ हो। त्यसैले नेपालको सन्दर्भमा एक दिनमा एक सय रूपैयाँ कमाइ नहुनुलाई नै गरिबी भन्ने गरिएको हो नेपालमा गत वर्षसम्म गरिबीको प्रतिशत २३.८ प्रतिशत रहेको सरकारले जनाएको छ। कामको अवसर (रोजगारी) नपाउनु नै गरिबीको मुख्य कारण हो। गरिबीको प्रतिशत हरेक वर्ष कम हुँदै गएको छ। केन्द्रीय तथ्यांक विभागले गरेको अध्ययनअनुसार २०५३ मा ४१.८ प्रतिशत गरिबीको दर थियो। त्यस्तै, २०६० मा ३०.९ प्रतिशत थियो। २०६८ सालमा २५.२ प्रतिशत थियो। गरिबीको दर सहरी क्षेत्रमा कम र ग्रामीण भेगमा बढी छ। यसको मतलब ग्रामीण भेगमा बढी गरिब बसोबास गर्छन्।



Downloaded from http://www.dhamma.digital

# अग्र श्राविका खेमा

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

भगवान बुद्धको अग्रश्राविका खेमा प्रज्ञामा अग्र थिइन्। भगवान गौतम बुद्धले उनलाई प्रज्ञामा अग्र भनेर घोषित गर्नु भएको थियो।

खेमा मद्द देशको राजधानी सागल, हाल लाहौर नजिकैको स्यालकोट नगरकी राजकुमारी थिइन्। उनी अत्यन्तै सुन्दरी र सुवर्ण वर्णकी थिइन्। उनको सुन्दरता टाढा-टाढाका नगर तथा विदेशसम्म पनि प्रख्यात थियो। उनको सौन्दर्यताबाट प्रभावित भएर नै महाराज बिम्विसारले उनीसंग विवाह गरेका थिए। विवाह पछि उनलाई राजमहिर्षीको पद द्वारा सम्मानित गरियो।

महारानी खेमालाई आफ्नो रूप सौन्दर्य प्रति निक्कै अभिमान थियो। भगवान् बुद्धले रूप सौन्दर्यको निन्दा गर्नुहुन्छ भन्ने थाहापाएर उनी भगवानको दर्शन गर्न चाहँदैनथिई।

महाराज विम्विसारले भगवानको सम्पर्कमा आएर स्रोतापन्न अवस्था साक्षात्कार गरिसकेका थिए। यस्तो मंगलकारी धर्म आफ्ना प्रजा तथा परिवारले पनि ग्रहण गरून् भन्ने अभिप्रायले आफ्नो राज्यमा भगवानका लागि वेणुवन निर्माण गरेर दान दिएका थिए। भगवानले आफ्नो दोस्रो वर्षावास वेणुवनमा विताउनु भएको थियो। यसरी एकै ठाउँमा धेरै समय भगवान रहनु भएकोले मगध राष्ट्रका र त्यो भन्दा वाहिरका अनेक मानिसहरू शुद्ध धर्मको सम्पर्कमा आएर कल्याण लाभी बने। साथै राजपरिवारका सदस्यहरूले पनि यसको फाईदा उठाए। राजा बिम्विसार युवा अवस्थामा अत्यन्त कामूक रहे तापनि आफूले धर्म रसपान गरेपछि उनको जीवन जिउने प्रक्रियामा अत्यन्त परिवर्तन आयो। अतः आफ्ना रानीहरू र सन्तानहरूले यस्तो कल्याणकारी धर्मको रसस्वादन गरेर धर्म लाभी होउन् भन्ने उनको प्रबल इच्छा थियो। अतः कुनै तरिका अपनाएर सबैलाई यस मार्गमा अघि बढ्ने प्रेरणा दिने गर्दथे।

महारानी खेमाको भगवान प्रतिको नकारात्मक भावलाई कसरी परिवर्तन गर्ने भन्ने समस्या उनको सामू आईपऱ्यो। उनले महारानी खेमालाई भगवानको सम्पर्कमा ल्याउने उपाय सोच्दै गरे। खेमा महारानीलाई गायन विद्या प्रति रूचि थियो। अतः वेणुवनको रमणिय वातावरणको वर्णनात्मक गीत बनाई महारानीलाई सुनाउन लगाए। यस्तो मनोरम वर्णन सुनेर महारानीले वेणुवन वगैंचा घुम्ने इच्छा व्यक्त गरिन्। तर भगवानलाई नभेट्ने गरी प्रवन्ध मिलाउन आदेश पनि दिएकी थिइन्। अतः महाराज बिम्बिसारले पनि महारानीको इच्छा अनुसार भगवान भिक्षाटन जानुहुँदा वगैंचाको दृष्यावलोकन गर्ने प्रवन्ध मिलाइदिए। महारानी आफ्ना सेविकाहरूसंग वेणुवन बगैंचा घुम्न गइन्।

खेमा वेणुवन वगैंचाको रमणीय वातावरण हेरेर अत्यन्त प्रभावित भइन्। बगैंचामा घुम्दा घुम्दै समय बितेको पत्तै भएन। त्यति बेलासम्ममा भगवान तथा भिक्षु संघ भिक्षाटनबाट फर्केर भोजन ग्रहण गरिसकेका थिए। खेमा घुम्दा घुम्दै भगवान भएको ठाउँमा आईपुगिन्। भगवान भोजन पश्चात् आराम गरिरहनु भएको थियो। आखिरमा भगवान सँग उनको भेट भयो।

भगवानले खेमालाई आफ्नो आँखा उठाएर हेर्नुभयो। उहाँको आँखामा असीम करूणा झल्केको थियो। खेमाले यस्तो भाव कहिल्यै पनि देखेकी थिइन। उनले सँधै काम वासनाले भरेको आँखामात्र देखेकी थिइन्। भगवानको आँखामा उनले वास्नाको नामोनिशान देखिनन्। उनलाई यस्तो भाव मनपरेन। भगवानले उनलाई एकपटक हेरेपछि आँखा फेर्नु भयो। भगवानको यस्तो ब्यवहार पनि मनपरेन। मानिसहरू उनलाई देखेपछि एकटकले हेरीरहन्थे, उनको सौन्दर्यको प्रशंसा गर्दथे।

खेमाले जुन प्रकारले धर्म बुझ्न सक्छ भगवानले त्यसै प्रकारले धर्म सिकाउनु भयो। भगवानको यही विशेषता थियो। खेमाको रूपगर्भिताको अभिमान तोड्न भगवानले आफ्नो ऋद्धीबल प्रयोग गर्नुभयो। भगवानको नजिकै अत्यन्त रूपवती देवांगनाहरू उपस्थित भएको खेमाले देखिन्। देवांगना भगवानको सेवामा पंखा हम्किरहेकी थिइन्। उनलाई देखेर खेमा छक्क परिन्। जस्को सेवामा यस्ता परम सुन्दरीहरू उपस्थित छन्, उस्ले मलाई के हेर्छ ? ती सुन्दरीहरूको अगाडि आफ्नो रूप



Downloaded from http://www.dhamma.digital

तुच्छ भैं लाग्न थाल्यो । केही समय पछि यी नवयौवना सुन्दरी विस्तारै प्रौढ हुँदै गइन्, उनको सौन्दर्य ओइलाउँदै गयो, निस्तेज हुँदै गयो, तरूणी सुन्दरी हेर्दा-हेर्दै बूढी हुँदै गइन् । सारा शरीर चाउरी पर्दै सुक्न थाल्यो । मासु सुकेर हड्डीको ढाँचा देखिन थाल्यो । उनको शरीर भुक्दा-भुक्दै भूईंमा लड्यो र मृत्यु भयो ।

ओहो ! यस्तो सुन्दर रूपको यस्तो परिणाम ? के मेरो यो सुन्दर शरीर पनि ओईलिदै यस्तै निस्प्राण हुनेछ ? वास्तवमा एकदिन त यस्तै हुनेछ । यस परिवर्तनले खेमाको अभिमान घट्दै गयो, अनित्य स्वभावलाई बुझ्दै गइन् । खेमाको मनमा धर्मसंवेग उत्पन्न हुन थाल्यो । अनेक जन्मको संचित पुण्य पारमिताको धर्मबल जाग्न थाल्यो । उनको यस्तो मनस्थितिलाई बुझेर उनलाई प्रज्ञा जगाउन भगवानले करूण वाणीद्वारा सम्झाउनु भयो "ऐ ! खेमा यस नाशवान् शरीरलाई हेर, जस प्रति तिम्रो त्यस्तो अभिमान थियो । हेर, यस सुन्दरीको सौन्दर्यता कसरी ओईलिएर गयो । यस शरीरको असार तत्वलाई हेर ।" बुद्धको यस्तो धर्मवाणीलाई सुनेर खेमाले आफू भित्र अनित्य वोध गर्न थालिन्, प्रज्ञा जाग्न थाल्यो । त्यसलाई हेर्दा-हेर्दै निर्वाणिक निरोध अवस्थाको साक्षात्कार गरेर स्रो तापन्न भइन् । खेमा धन्य भइन् । बुद्धले अगाडि भन्नु भयो । " खेमा । यी सम्पूर्ण प्राणीहरू रागमा अनुरक्त छन्, द्वेषले दूषित छन् र मोहले मोहित छन् । यसै कारणले तृष्णाको बन्धन त्याग्न सक्दैनन् र त्यसमा लडिबडी खेलिरहन्छन् ।" यस्तो भन्नु हुँदै एउटा गाथा भन्नु भयो ।

**"ये रागरत्तानुपतन्ति सोतं**
**सयं कतं मक्कटकोव जालं ।**
**एतम्पि छेत्वान वजन्ति धीरा ।**
**अनपेक्खिनो सब्ब दुक्खं पहाय ॥**

जो ब्यक्ति रागमा रत्त रहन्छ त्यो ब्यक्ति माकुराले बनाएको आफ्नो जालमा स्वयं फसे भैं बन्धनमा फस्दछ । बुद्धिमान ब्यक्ति यस बन्धनलाई उछिनेर सारा दु:खलाई छोडी आकांक्षा रहित भई अगाडि बढ्दछ ।

खेमा भगवानको यस वाणी सुनेर तुरून्त नै प्रव्रजित भइन् । केही समयको अभ्यास पछि अरहन्त भइन् । आफ्नो बाँकी जीवन लोक सेवामा लगाइन् । प्रज्ञाको क्षेत्रमा निक्कै प्रखर हुनुको कारण धर्म सिकाउने काममा निक्कै प्रभावशाली भइन् । भगवानले उनलाई "प्रज्ञामा अग्र" को उपाधि प्रदान गर्नुभयो ।

खेमा-प्रज्ञामा प्रखर भएको कारण उनलाई ऋद्धिबल पनि प्राप्त थियो । एकपटक भगवान गृद्धकूट पर्वतमा विहार गरिरहनु भएको थियो । त्यस समय देवराज इन्द्र देवपरिषदका साथ भगवानलाई भेटेर कुशल मंगलको कुरा गर्दै थिए । त्यसै समय खेमा भिक्षुणी भगवानलाई वन्दना गर्न आकाश मार्गबाट आइन् तर देवराज इन्द्रलाई देखेर आकाशबाट नै वन्दना गरेर फर्किन् । यस्तो– घटना देखेर इन्द्रले भगवानसंग सोध्नु भयो, "भन्ते ! यी अहिले आएकी भिक्षुणी को हुन् जो आकाशवाट नै हजूरलाई प्रणाम गरेर फर्किन् ?" शास्ताले इन्द्रको कुराको उत्तर दिदै भन्नु भयो "महाशय, यी खेमा नामक महाप्रज्ञावान् भिक्षुणी हुन् । मार्ग-अमार्गको विषयमा जानकारी भएकी मेरी पुत्री हुन्" यस्तो भन्नु हुँदै यो गाथा भन्नुभयो–

**गम्भीरपञ्ञं मेधाविं मग्गामग्गस्स कोविदं ।**
**उत्तमत्थं अनुप्पत्तं तमहं ब्रूमि ब्राह्मणं ॥**

जो गम्भीर-प्रज्ञावान, मेधावी, मार्ग-अमार्गका ज्ञाता र जस्ले उत्तम अर्थ (निवार्ण) प्राप्त गरेको छ उसलाई म ब्राह्मण भन्दछु ।

*क्रमश:*

*(साभार- 'विपश्यना' बुद्ध वर्ष २५५७, वर्ष३०, अङ्क४)*

## मामं थें

✍ **लेलिन शाक्य**

छयैं छु दु मदु फुकं मामं थें सुनां स्वई ?
छयैं स्वयूगु ज्या मामं थें मेपिं वया: सुनां स्वई ?
छयैंया हामा बौ हे ख:सां लिधँसा मां ख:
लिधंसा मदयूक छयैं बौ नं जक गयू स्वई ?
मां बौया मिखायू सदां मस्त फुकं सम ख:
अयूनं मस्तयूगु सुसाकुसा मामं थें सुनां याई ?
बौ धैम्ह त: धंम्ह ख: अयूनं व मां मखु
पुता धका: मामं थें सुनां वया: बिचा: याई ?
भीत रक्षा याइपिं द्योपिं स्वीस्वक्वती दु हं धाई
अयूनं थ:त छुं हे जुल कि मचां न्हापां मां हे धाई ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–१३

✍ के.श्री धम्मानन्द

*अनुवादक*- मदनरत्न मानन्धर

अब, यहाँनिर ध्यान दिनुपर्ने यो छ कि बुद्धले ती महिलाको बच्चालाई जिलाएर समस्याको अस्थायी समाधानमाभन्दा तिनलाई जीवनको यथार्थता बुझाउनमा बढी ध्यान दिनुभयो कारण त्यो बच्चा हुर्कन्छ, बूढो हुन्छ । आखिर मर्नै पर्छ । किशा गौतमीले आफ्नो यस ठूलो ज्ञानबाट न केवल मृत्युको यथार्थताबारे मात्र थाहा पाइन्, बल्कि आशक्ति दुःखको कारण हो भनी समेत जानिन् । तिनले आशक्ति कै कारण दुःख हुन्छ र जब आशक्ति नाश हुन्छ, दुःखपनि नाश हुन्छ भनी जान्न समर्थ भइन् ।

तसर्थ बुद्धधर्ममा, कुनै व्यक्तिले अस्थायी सुखको लागि बाह्य माध्यम (जस्तै देवताहरू) को मद्दत लिन सक्छन्, तर सांसारीक आशक्तिपन समाप्त भइसक्ने आखिरी अवस्थामा त्यागको र ज्ञान प्राप्तिको लागि ऊ आफै समर्थवान हुनु पर्दछ । जब मानिस मुक्ति चाहन्छ, जन्म मरणको अन्त्यहीन चक्रलाई टुक्रयाउन चाहन्छ, यथार्थता र ज्ञान प्राप्त गर्न चाहन्छ त आफ्नै प्रयत्न, आफ्नै एकाग्र मानसिक शक्तिबाट मात्र सक्छ ।

बुद्धधर्मले मानिसलाई ठूलो महत्व दिन्छ । यहीमात्र एक धर्म हो जसले मानिससँग आफ्नो मद्दत आफै गर्ने र आफ्नो स्वतन्त्रता आफै पाउने शक्ति छ भनी भनेको छ । ऊ आफ्नो स्वतन्त्रता आफैं पाउने शक्ति छ भनी भनेको छ। ऊ आफ्नो मुक्तिका लागि पूजा वा बलि दिएर खुसी पार्नु पर्ने कुनै बाह्यशक्तिको कृपापात्र बन्नु पर्दैन ।

### प्रार्थनाको अर्थ

प्रकृति पक्षपाती छैनः यसलाई प्रार्थनाबाट खुसी पार्न सकिन्न । कुनै अनुरोध गर्दैमा यसले विशेष सहूलियत सुविधा दिंदैन ।

मानिस आफ्नो आवश्यकताहरूका लागि अरूसँग माग्ने र कसैको दयाकै भरमा बाँच्नु पर्ने निरीह प्राणी हो इन । बुद्धधर्मका अनुसार मानिस आफ्नो मालिक आफै हुन् । अज्ञानता (मोह) को कारणले मात्र ऊ आफ्नो क्षमता महसूस गर्न चुक्छन् । तसर्थ बुद्धले मानिसले आफूभित्र लुकेको क्षमताको विकास गर्न मनलाई तालिम गर्नु पर्दछ भन्नु भएको हो ।

बुद्धधर्मले मानिसलाई पूर्ण जिम्मेवारी र सम्मान प्रदान गर्दछ । यसले मानिसलाई आफ्नो मालिक बनाउँछ । उसको काम कारवाही र भाग्यको निर्माता अरू कोही हैनन् भनी बुद्धधर्म भन्दछ । त्यस्तै हाम्रो जीवन, हाम्रो समाज र हाम्रो विश्व नै तिमी र मैले चाहे जस्तो बनाउन सक्छौं अरू कोही अदृष्य शक्तिको चाहना जस्तो बनाउन पर्दैन ।

स्मरण रहोस् प्रकृति पक्षपाती छैन; यसलाई प्रार्थना बाट खुसी पार्न सकिन्न । कुनै अनुरोध गर्दैमा प्रकृतिले विशेष सुविधा दिने हैन । तसर्थ बुद्धधर्ममा प्रार्थनाको अर्थ ध्यान हो जसले आफैलाई परिवर्तन गराउँछ । ध्यान गर्नु भनेको आफ्नो स्वभावको शुद्धिकरण गर्नु हो । शरीर, वचन र मनको शुद्धिकरण गरी कसैको भित्री स्वभाव परिवर्तन गर्नु नै ध्यान हो । ध्यानद्वारा हामीले मनोवैज्ञानिक रूपमा थाहा पाउन सक्छौं 'जस्तो हामीले चाहेका हौं हामी त्यस्तै बन्छौं ।' जब हामी प्रार्थना गर्छौं, आफ्नो हृदयमा केही राहतको अनुभव गर्छौं, यो हाम्रो श्रद्धा र भक्तिबाट सृजित मनोवैज्ञानिक असर हो । केही धार्मिक पाठ गरी सकेपछि पनि हामी त्यस्तै महसूस गर्छौं । कुनै धार्मिक नाम वा प्रतिकहरू तिनले श्रद्धा र भक्तिको विकास गराउन सक्ने हृदयसम्ममात्र आवश्यक छ ।

बुद्ध स्वयं भन्नुहुन्छ- पवित्र ग्रन्थ पाठ गर्दैमा, स्वयं प्रताडित हुँदैमा, भुईमा सुत्दैमा, बारबार प्रार्थना गर्दैमा, तपस्या गर्दैमा, स्तोत्र,पूजा,मन्त्र, जादू, स्तुति आदि गर्दैमा निर्वाणको सच्चा सुख पाउन सकिन्न ।

प्रार्थनाबाट अन्तिम लक्ष्य हासिल गर्न खोज्ने सिल सिलामा बुद्धले एकपटक नदी तर्न खोज्ने मानिसको उपमा दिनु भएको थियो । यदि त्यो व्यक्ति एक किनारमा बसेर अर्को किनारा आफूतिर आओस् र आफूलाई पारी लगोस् भनेर प्रार्थना गरी बस्यो भने उसको प्रार्थना खालि प्रार्थना मात्रै भइरहन्छ । साँच्चिकै ऊ पारी जान चाहन्छ भने उसले केहि प्रयत्न त अवश्यै गर्नु पर्छ; कुनै काठ लिएर त्यसको डुङ्गा बनाउनु पर्छ अथवा पुल खोज्नु पर्छ अथवा पौड्नु पर्छ । जेहोस् पारी तर्न केही काम गर्नै पर्छ । यसै प्रकार, संसाररूपी नदी पार गर्न चाहनेले प्रार्थनामात्र गरेर



Downloaded from http://www.dhamma.digital

पर्याप्त हुन्न । उसले आफ्नो मनलाई नियन्त्रणमा राखी त्यसबाट दूषित र खराब बिचारहरू निकाल्नु पर्छ, त्यस्तै धैर्यपूर्वक धार्मिक जीवन यापनको लागि कठोर परिश्रम गर्नु पर्छ । अनि मात्र ऊ अन्तिम लक्ष्यमा पुग्न सकिन्छ । प्रार्थनाले मात्र अन्तिम लक्ष्यमा कहिल्यै पुगिन्न ।

यदि प्रार्थनाको जरूरत नै पऱ्यो भने, त्यो मनलाई मजबूत पार्नको लागि मात्र होस् र केही पाउनको आशले नहोस् । प्रसिद्ध कविले प्रार्थना कसरी गर्नुपर्छ भनी निम्न व्याख्या गर्नु भएको छ । बौद्धहरूले यसलाई मन सभ्य पार्नको लागि ध्यानको रूपमा लिनेछन्;

"खतराबाट बच्न होइन, वल्कि त्यससंग मुकाबिला गर्न मलाई प्रार्थना गर्न देऊ

दु:ख र पीडा राख्न होइन, बल्कि त्यसमाथि विजय प्राप्त गर्न मलाई हृदय माग्न देऊ

चिन्ता र आशंकाबाट बच्न होइन, बल्कि आफ्नो स्वतन्त्रता कायम गर्न मलाई धैर्य माग्न देऊ"

**परित्राण पाठको अर्थ**

बुद्धले आफ्ना अनुयायीहरूलाई आशिर्वाद दिन र कुनै भयबाट रक्षा गर्न पाली भाषामा पाठ गर्नु भएका केही सूत्रहरूको पाठ परित्राण पाठ हो ।

परित्राण पाठ वा सूत्र पाठ विश्वभर गरिने एक सुपरिचित बौद्ध अभ्यास हो । यो विशेषत: पाली भाषा प्रयोग हुने थेरवादी बौद्ध मुलुकहरूमा बढी प्रचलित छन् ।

यी सूत्रहरूमध्ये अधिकांश सूत्रहरू बुद्धका आधार भूत शिक्षाहरूबाट छानेर लिएका छन् । मूलत: यी सूत्रहरू दुई हजार वर्ष पहिले लेखिएका थिए । पछि 'परित्राण पाठ पुस्तक' का रूपमा परिमार्जन गरिएका थिए । यी सूत्रहरू मूलत: सूत्र पिटकका अंगुत्तर निकाय, मज्झिम निकाय, दीघ निकाय, संयुक्त निकाय र खुद्दक निकायबाट लिइएको हुन् ।

भयबाट रक्षा हुन बौद्धहरू परित्राण पाठ गर्छन् । यहाँ 'रक्षा' को अर्थ खराब बिचार, दुर्भाग्य, अस्वस्थता र ग्रहदशाको दुस्प्रभावबाट रक्षा हुनु हो र साथै मानसिक सुदृढताको लागि पनि परित्राण पाठ गरिन्छन् । परित्राण पाठको स्वर गुन्जनले आसपासको वातावरणलाई नै आनन्दित पार्दछ । भिक्षुहरूबाट विभिन्न लयमा सूत्रहरू पाठ गर्नु हुन्छ । धेरै पहिले नै पत्ता लगाइसकेको हो कि, मानिसको लययुक्त स्वरले श्रोताहरूको मनमा शान्ति र स्थिरता पैदा गर्दछ । परित्राण पाठ गरिंदा कुनै सुरले देवताहरूलाई प्रभावित पार्दछ भने कुनै लयले सर्प, भूतप्रेत लगायत निम्नकोटीका प्राणीहरूलाई प्रभावित गर्दछ । त्यसकारण परित्राण पाठमा शुद्ध उच्चारण र उपयुक्त लयको महत्वपूर्ण स्थान छ ।

कुनै धार्मिक पाठ गर्दा लयको प्रयोग गरिने बुद्ध धर्ममा मात्र होइन, अरू धर्मका अनुयायीहरू पनि आफ्ना पवित्र ग्रन्थहरू लय सहित पाठ गर्छन् । मुसलमानहरूले कुरान पाठ गरेको, हिन्दू पुरोहितहरूले वेद पाठ गरेको हामीले देखेकै छौं । रोमन क्याथोलिक र ग्रीक अर्थोडक्स सम्प्रदायमा पनि कर्णप्रिय पाठहरू गरिन्छन् ।

सूत्रहरू पाठ गरिंदा तीन महान र बलवान शक्तिहरू संचार हुन्छन् । ती शक्तिहरू हुन् बुद्ध धर्म र संघ । यिनै 'तीन रत्न' को सम्मिश्रण नै बुद्धधर्म हो । तीनवटैको पाठ सँगसँगै गर्दा मानिसलाई ठूलो लाभ मिल्दछ ।

*क्रमश:*

**धर्मप्रचार समाचार**

## धर्मदूत कार्यशाला गोष्ठी सम्पन्न

*२०७१ चैत्र २७ गते, शनिवार*

*स्थान- विश्वशान्ति विहार, मीनभवन ।*

बौद्ध परियत्ति शिक्षाको स्वर्ण महोत्सवको उपलक्ष्यमा एकदिने धम्मदूत कार्यशाला गोष्ठी सम्पन्न भएको छ । बुद्ध शिक्षालाई नेपाल अधिराज्यभर प्रचार गर्ने लक्ष राखी त्यसको लागि योग्य दूत तयार पार्न गोष्ठीको आयोजना गरिएको कुरा थाहा हुन आएको छ ।

गोष्ठीमा डा. केशवमान शाक्यले नेपालमा थेरवाद बुद्ध शासन प्रवर्द्धन कार्यमा अष्टाङ्गिक मार्गदर्शन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

यस कार्यक्रममा मध्यममार्ग भनेको नै आर्य अष्टाङ्गिक मार्गका आठवटा अङ्गहरू निहित रहेको सन्देशलाई नेपालमा थेरवाद बुद्ध शासनको प्रवर्द्धनमा कसरी प्रयोग गर्ने भन्ने विषयमा उहाँले प्रशिक्षण पनि दिनु भएको थियो ।


उक्त प्रशिक्षणमा प्राप्त सुझावको प्रसङ्गलाई लिई त्रिरत्न, रीना, ञाणवती गुरुमां लगायत भिक्षु निग्रोधले टिप्पणी पनि गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-११

*मूल पालि अनुवादक* - **भिक्षु अमृतानन्द**
*नेपाली अनुवादिका* - **शरणशीला**



*(१५) सपना देखेको दृश्य– अलक्षण कागलाई लक्षण र गुणले सम्पन्न हंसराजहरूले चाकडी गरिरहेको दृश्य*



*अर्थ– कलियुगका सत्पुरुष धर्मात्माहरूले अधर्मी असत्पुरुषहरूको चाकडी गर्नुपर्ने हुन्छ ।*

(१५) "भन्ते ! कञ्चन वर्णको कारणले 'सुवर्ण हाँस' हरूले १० वटा सद्धर्मले युक्त, गाउँमा आहारा खोज्न जाने कागहरूको परिक्रमा गरिराखे ।"

"महाराज ! यसको फल पनि अनागतमा राजाहरू हस्ति आदि शील्पमा दक्ष हुने छैन, युद्ध कलामा विशारद हुने छैन । आफ्नो राज्यमा विपद पर्ने आशंकाले राजाहरूले समान जातिका कुलपुत्रहरूलाई ऐश्वर्य नदिई, आफ्नो खुट्टामुनि बस्ने नाउ । सुचिकारहरूलाई ऐश्वर्य दिने छन् । जाति, गोत्र सम्पन्न कुलपुत्रहरू राजकुलमा प्रतिष्ठा नभई, जीविकाको निम्ति ती ऐश्वर्यवान् जाति, गोत्रहीन अकुलीनहरूको सेवा गर्ने छन् । सुवर्ण हंसहरूले कागहरूलाई घुमिरहे झैं हुनेछ । यसको कारण तपाइँमाथि कुनै भय छैन । सोह्रौं सपनाको कुरा सुनाउनुहोस ।"

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# खण्ड ज्ञान भन्दा अज्ञान नै बेश

✍ **नरेन्द्रनाथ भट्टराई**

आँखा बन्द गर्नु अज्ञान हो र आँखा खुला गर्नु ज्ञान हो । आज हामी लाखौं, करोडौं मानिस खुला आँखा भएर पनि अज्ञानमा नै छौं । किन त ? बाहिरबाट देखिने र बाहिर देख्ने हाम्रा दुई नेत्र छन् जसलाई चर्म चक्षु भनिन्छ, हाम्रो तेश्रो एउटा नेत्र पनि छ जसलाई त्रिनेत्र अर्थात् ज्ञान चक्षु पनि भनिन्छ । त्यही तेश्रो नेत्र खोल्नुपर्छ, त्यही तेश्रो नेत्र खुलेमा मात्र मानिस ज्ञानी बन्दछ । त्यो नेत्र बन्द भइन्जेल अज्ञानले नै ढाक्दछ । यो तेश्रो नेत्रलाई दिव्य दृष्टि पनि भनिन्छ । यो तेश्रो नेत्रबाट देखिएका कुरा मात्र सच्चा देखिन्छन् । तेश्रो नेत्रको अभावमा देखिनै र देखिएका सबै कुरा काल्पनिक र अनित्य हुन्छन् ।
यस विषयमा हामी सबैले पढेको, जानेको, सुनेको एउटा कथा छ– **"हात्ती र ६ जना अन्धाहरू" ।**

यो कथा सामान्य जस्तो देखिए पनि यस कथामा ज्ञानको ठूलो रहस्य लुकेको छ । एउटा गाउँमा ६ जना अन्धा मानिस थिए । एकदिन त्यो गाउँमा माउतेले चराउन घाँस खोज्न भनी एउटा हात्ती ल्याएछ । गाउँमा सबै केटाकेटी रमाउँदै, कराउँदै, हात्ती आयो" हात्ती आयो" । भनेको ती अन्धाहरूले पनि सुनेछन् र हात्ती कस्तो हुँदो रहेछ भनेर हात्ती भएको ठाउँमा गएर हात्तीलाई हातले छामेर यस्तो रहेछ । भनी थाहा पाउन खोजे । एकजना अन्धाले पुच्छर समातेर ए हात्ती त डोरी जस्तै पो हुँदोरहेछ भन्ने ठाने, अर्काले आङ् समातेर हात्ती त भित्ता जस्तो हुँदोरहेछ, अर्काले कान समातेर नाङ्लौ जस्तो र अर्काले खुत्ता समातेर खम्बा जस्तो हुँदो रहेछ भन्ने जानेर फर्के आफ्नो स्थानमा आएपछि आ-आफ्नो ज्ञान भन्न थाले–

कहिल्यै नटुंगिने विवादमा परे । आ-आफ्नो भनाइमा सोचाइमा सवै ठीक थिए । तर पनि वास्तविकता सबै गलत थिए ।

कथा थाहा भएर मात्र पुग्दैन । हामी धेरैजसो पनि आज हात्ती बुझेका ६ जना अन्धा जस्तै एकसरो अधुरो ज्ञान भएका तथाकथित ज्ञानी, विद्वान र धर्माबलम्बीहरूको व्याख्या र प्रभावमा परेर एक अंशलाई नै अर्थात् खण्ड खण्डलाई नै धर्म, ज्ञान, भगवान्, सत्य सम्झेर पछि लागेर अन्धविश्वास मै परेर, बसेका छौं । यसरी खण्डलाई नै पूर्ण मानेर विश्वासमा परिरहेकोले नै दुखमा पर्नु परिरहेको छ । एक अंशलाई समातेको भरमा यही मात्र पूरा हो भन्नेसंग सावधान भएर आफ्नै तेश्रो नेत्र अर्थात् ज्ञानचक्षु खोल्ने तिर लागेमा नै पूर्णको सत्यको परमात्माको अनुभुति हुन्छ । अन्यथा हुँदैन ।

*– बाघ र भालुले भरिएको वन भन्दा वासना र ममताले भरिएको मन बढी खतरनाक हुन्छ ।*

*– जुन कुराले आपद–विपद टार्दछ, अर्थात् सुखशान्ति दिन्छ, त्यही सच्चा सम्पत्ति हो । हेर्दा हेर्दै स्वप्न समान केही क्षण मै नाश भएर जाने धन, परिवार, मित्र पद–प्रतिष्ठा आदि सच्चा सम्पत्ति होइनन् ।*

❖

## भूल सुधार

धर्मकीर्ति पत्रिका वर्ष-३२, अङ्क-११, पृष्ठ-१९ मा "अल्पकालिन श्रामणेर तथा ऋषिनी प्रव्रज्या" शिर्षक समाचारमा चौधौं प्रव्रज्या आयब्यय विवरण हुनुपर्नेमा अन्यथा हुन गएकोमा यसलाई सच्चाई पढ्नहुन अनुरोध गरिएको छ । *- अमीरकुमारी शाक्य, समाचार प्रस्तोता*

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| *२०७१ फागुन–चैत्र* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| फागुन १४ गते, बिहिवार, अष्टमी | दानवती | वीर्यवती |
| फागुन २१ गते, विहिवार, पूर्णिमा | सुवण्णवती | चमेली |
| फागुन २९ गते, शुक्रवार, अष्टमी | क्षान्तिवती | मेत्तावती |
| चैत्र १ गते, आइतवार | शुभवती | पञ्ञावती |
| चैत्र ६ गते, शुक्रवार, औंशी | अमता | केशावती |



Downloaded from http://www.dhamma.digital

# कसले मगायो ? ट्रक नै भरिने यो गोबरको थुप्रो ?

*लेखक*- **श्रद्धेय भिक्षु अजा ब्राह्म**
*अनुवाद*- **श्री देवकाजी शाक्य**

कक्षामा आखिरी स्थान प्राप्त हुने जस्तो नरमाइला परिस्थितिहरू जीवनमा आइ रहने नै हुन्छन् । त्यस्ता घटनाहरू धेरै जसो व्यक्तिहरूको जीवनमा घटिरहन्छन् । यस्ता दुःखद विपदहरू प्रति मानिसहरूले कस्ता प्रतिक्रिया जनाउँदछन् त भन्ने कुरा नै सुखी र निराश हुने दुई व्यक्तिहरू बिचका भिन्नता हुन् ।

कल्पना गरौं तिमीले आफ्नो साथीसंग समुद्र छेऊ बसी रमाइला र गजबका अपरान्ह समय विताएर भर्खर फर्केका थियौ । फर्कंदा तिमीले देख्यौं, घरको ढोका अगाडि एक ट्रकभरी गोबर थुपारिएको थियो । यस ट्रकको गोबर बारे तिमीले ३ वटा कुराहरू जान्न सक्नेछौ ।

१. यसलाई तिमीले माग गरेको थिएनौ । यो तिम्रो दोष होइन ।

२. तिमी यस कुरामा आएर अड्क्यौ । यो गोबर कसले त्यहाँ थुपार्न ल्याएको हो भन्ने विषयमा तिमीले देखेका छैनौ । त्यसैले यसलाई त्यहाँबाट फिर्ता लिएर जाऊ भनी तिमीले कसैलाई अन्हाउन सक्दैनौ ।

३. यो फोहर र दुर्गन्धित अवश्य छ । त्यसैले यसको दुर्गन्ध तिम्रो घरको सारा स्थानहरूमा ब्याप्त फै लिइ सकेको छ । यस दुर्गन्धलाई सहनु झण्डै झण्डै असम्भव नै छ ।

घर अगाडिको यस ट्रकभरीको फोहरले हाम्रो जीवनमा आइपर्ने थुप्रै कष्टदायक, पीडा दायक घटनाहरूको अनुभवहरूलाई प्रतिनिधित्व गर्दछ ।

गोवरले भरिएको ट्रक जस्तै हाम्रो जीवनमा आइपर्ने दुखान्त कहानीहरूको विषयमा पनि हाम्रो मनमा आउने तीनवटा कुराहरूलाई हामीले जानि राख्दा राम्रो हुनेछ ।

– यसलाई हामीलेमाग गरेका होइनौं । हामी भन्ने गछौं,

– "यो हाम्रो दोष होइन । मलाई नै किन यसो आपद् आइपऱ्यो"

– हामी यसमा अड्केका छौं । हामीलाई मनपराउने हितैषी व्यक्तिहरूले समेत यस दोषलाई जिम्मा लिन सक्दैनन् । (तिनीहरूले कोशिश गरेको भएपनि)

– यो डरलाग्दो क्षण हो, हाम्रो सुख नाश गरी यसले हाम्रो जीवनमा दुख भरिदिन्छ । यसलाई सहनु झण्डै असम्भव हुनेछ ।

गोबरको ट्रकको भारीमा अड्केको अवस्थाप्रति दुई किसिमले प्रतिक्रिया जनाउन सकिन्छ ।

पहिलो तरिका हामी आफैले गोबर बोकेर फाल्न लानु हो गोजीमा, पछाडी बोक्ने झोलामा हातले बोक्ने ब्रिफकेसमा वा आफ्नै कमीज भित्र राखेर भएपनि उक्त गोबरलाई हामीले बोक्न सक्छौं । त्यतिमात्र होइन प्यान्टमा समेत राखेर लान सक्छौं । तर यसरी गोवर बोकेर लाने अवस्थामा हामीले आफ्ना धेरै साथीलाई गुमाउन सक्छौं । यसरी गोबर बोकेर हिंडेको अवस्थामा हामीसंग असाध्यै मिल्ने साथीहरू पनि हाम्रो वरपर सम्म पनि देखापार्न आउने छैनन् ।

"यसरी गोवरलाई हाम्रो वरपर बोकेर लैजानु" भनेको नै हामी निराशामा डुबेको अवस्थाको उपमा हो– नकारात्मक भावना र रीसको बसमा रहेको उपमा । दुखी हुँदाको अवस्थाको प्रतिक्रिया स्वाभाविक र बुझ्न सकिने खालको हुन्छ । हाम्रा साथीहरू हामी निराश भएर दुखित भएको अवस्थामा हामी वरपर रहन चाहँदैनन् । तर गो बरको थुप्रो कम हुँदै जाँदैन । यसको साथै दुर्गन्ध झनझन फैलंदै जान्छ र अत्यन्त खराब अवस्थाको सृजना हुनेछ ।

भाग्यवश त्यहाँ दोस्रो तरिका अपनाउन सकिन्छ । जब हाम्रो घर अगाडि ट्रकको गोबर थुपारि एको देखेर हामीले लामो श्वास फेर्दै यसलाई फाल्नको लागि काम गर्न थाल्नेछौं । यस फोहर फाल्नको लागि आवश्यक ज्यावल र सरसामानहरू जस्तै कुटो, कोदालो, बेल्चा र फोहर जम्मा गर्ने डोको वा टोकरी सबै बाहिर ल्याउँछौं । कुटोले गोबर खनेर डोको वा ठूलो टोकरीमा राख्छौ । त्यस फोहरलाई घर पछाडीको फूलवारीमा खनेर राख्छौं । काम गर्दा थकाई लाग्नु त स्वभाविक नै हो ।



Downloaded from http://www.dhamma.digital

तर हाम्रो लागि यो बाहेक उपयोगी उपाय र विकल्प अरू हुँदैन ।

राम्रो व्यवस्था मिलाउने हो भने, दिनमा आधा ब्यारेल मात्र भएपनि हामीले सामान ओसार्न सक्छौं । तर यस अवस्थामा निराश हुँदै वढि गनगन गरी असन्तोष व्यक्त गर्नु भन्दा अगाडि आइपरेको समस्या समाधान गर्ने कार्य तर्फ नै लागिरहेका हुनेछौं । हरेक दिन हामीले उक्त गोबर खन्दै र फाल्दै गएको खण्डमा गोबरको थुप्रो घट्दै जानेछ । कहिलेकाहिं धेरै वर्ष पनि लाग्ला तर एकदिन यस्तो विहानी पनि आउने छ, जुन दिन घर अगाडि थुप्रिएको गन्ह्याउने गोबर सखाप भइसकेको हुनेछ । अझ् हामीले गरेको मेहनतले गर्दा घर पछाडीको फूल बारीमा रङ्गीचङ्गी फूलहरू फुली राम्रो चमत्कार देखाइरहेको हुनेछ । त्यस फूलको सुगन्ध सडक भरी फैलिरहेको हुनेछ । जसले गर्दा हाम्रा छिमेकी र बाटोमा हिंड्ने वटुवाहरू समेत फूलको सुगन्ध सुँध्दै मुस्कुराउँदै खुसीसाथ हिंडिरहेको हुनेछन् । त्यस्तै कुनाका फलफूलका रूखहरूमा लटरम्म फलहरू फलिरहेको हुनेछन् । फलेको भारीले रूख नुहि सकेको हुन्छ । फल यति मीठो हुन्छ, तिमीले यस्तो फल किन्न सक्दैनौ । यस्ता धेरै कुराहरू हुन्छन् जुन तिमी छिमेकीहरूसंग बाँड्न सक्षम हुन्छौं । बाटोमा हिँड्नेहरूले पनि त्यो चमत्कारी फलको मीठो रसांस्वादन गर्ने हुन्छन् ।

"गोबर खन्नु" भनेको जीवनमा आइपर्ने दुखान्त कुराहरूलाई मलजलको रूपमा स्वागत गर्नु हो भन्ने कुराको उपमा हो । यो यस्तो काम हो जुन हामी आफै एक्लैले गर्नु पर्छ । यहाँनेर हामीलाई कसैले मद्दत दिन सक्दैन । तर हाम्रा हृदयरूपी फूलवारीलाई खन्दै गएको खण्डमा दुःखको थुप्रो कम हुँदै जानेछ ।

धेरै वर्ष लाग्न सक्छ तर यस्तो विहानी पनि आउँछ, जब हामी हाम्रो जीवनमा, हृदयमा चमत्कार भइसकेको हुन्छ, त्यहाँ कुनै किसिमको दर्द देख्दैनौं । दयाका फूलहरू त्यहाँ ढकमक्क फुलिसकेका हुन्छन् र सुगन्ध पनि सडकमा, छिमेकमा सम्वन्ध, नाता गोतामा र बाटोमा हिंड्नेहरूमा समेत फैलिसकेका हुन्छन् । त्यस्तै हाम्रा बुद्धि विवेक अथवा प्रज्ञाका रूख मीठा अन्तरदृष्टिको फलको रूपमा लटरम्म फलेर हाम्रा जीवनको स्वभावमा देखा पर्छ । हामी निस्फिक्री रूपले मीठा फललाई विना योजना बाटोमा हिंड्नेहरूसंग पनि बाँड्न सक्छौं ।

जब दुखान्त पीडालाई हामीले जानेका हुन्छौं, यसबाट पाठ सिक्छौं र फूलबारीमा परिणत गर्दछौं । अर्को दुखान्त कहानीको निमित्त एउटा पाखुरा अर्को माथि राख्छौं । विस्तारै आफैलाई भन्छौं, "मलाई थाहा छ ।" तिमीहरूले बुझ्नेछन् , हामीले बुझ्छौं । यस्तो अवस्थामा करूणा निस्कन थाल्छ । ती पीडालाई टोकरी, डोको र कोदालो देखाउँछौं । असीमित प्रेरणा प्राप्त गर्न खोज्छौं । हामीले फूलबारी फुलाएका छैनौं भने यो गर्न सकिन्न ।

ध्यानि भावनामा पोख्त, दुखमा पनि गम्भीर, शान्त, सुधीर र आफूलाई सम्हालेर राख्न समर्थ भएका धेरै भिक्षुहरूलाई मैले चिनेको छु । तर केही संख्यामा मात्र तिनीहरू महान गुरूहरू बनेका छन् । यस्तो किन भएको म अचम्म हुन्छु । अहिले मलाई यस्तो लाग्छ, भिक्षुहरू जसले तुलनात्मक रूपले सहज जीवन निर्वाह गरेका थिए र जसलाई गोबर धेरै खन्नु परेन, उनीहरू महान गुरूहरू भएनन् । ती भिक्षुहरू जसले जीवनमा ठूला ठूला कठिनाईहरूलाई भोगे, चूपचाप सहे र तिनीहरूलाई खोदन खन्दै राम्रा फूलबारी तयार पारे । तिनीहरू महान गुरूहरू बने । तिनीहरू सबैमा बुद्धि विवेक थिए, गम्भीर ता र करूणा थिए । जसले धेरै गोबर खने, उनीहरूसंग संसारमा बाँड्ने धेरै कुराहरू भए । सबैजना मध्ये सबै भन्दा अग्लो उचाइमा पुगेका मेरा गुरू अजा चौको जीवनको अघिल्लो खण्डको ढोकामा गोबरका ट्रकहरू अरूलाई दिनको लागि थिए ।

शायद यो कथाले सिकाउने पाठ भनेको यही हो, यदि तिमी संसारको सेवा गर्न चाहन्छौ,करूणाको पथलाई अनुशरण गर्ने इच्छा गर्दछौ भने दुखान्त घटना हुँदा, तिमीले भन्न सक्छौ, "मेरो फूलबारीको लागि अर्को मलजल ।" ❖


**धर्मकीर्ति पत्रिकाको विशेष सदस्य**

क्र.सं. ८३१

**उद्धवलाल श्रेष्ठ**

कालिमाटी, का.म.न. वडा नं. १३

काठमाडौं

रू. २,०००/-




Downloaded from http://www.dhamma.digital

# नेपालमा थेरवाद बुद्धधर्म : उपलब्धि र चुनौती विषयक एकदिने गोष्ठी सम्पन्न




( फोटो सौजन्य- अरुणसिद्धि तुलाधर )

*गोष्ठीमा सहभागी हुनुभएका विशिष्ट व्यक्तिहरू*

*प्रस्तुति-* **मदन रत्न मानन्धर**

धर्मकीर्ति विहार स्थापनाको ५० औं बार्षिकोत्सव, स्वर्ण महोत्सवको उपलक्ष्यमा विभिन्न कार्यक्रमको आयोजना गर्दै आएको 'स्वर्ण महोत्सव मूल समारोह समिति' को तत्वावधानमा गत २०७१ फागुन ३० गते शनिवार 'नेपालमा थेरवाद बुद्धधर्म उपलब्धि र चुनौती विषयक एकदिने गोष्ठी जावलाखेल स्थित स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा सम्पन्न भयो ।

नेपालका लागि भारतका राजदूत महामहिम रणजीत रायले उद्घाटन गर्नुभएको सो गोष्ठीमा संघनायक भिक्षु अश्वघोष महास्थविरबाट पञ्चशील प्रार्थना गराउनु भई सभापतिको आसनबाट 'परम्परागत संस्कार त्यागगर्न जरूरी छ' भन्ने कुरा बताउनु भएको थियो । आफ्नो उद्घाटन मन्तव्यमा राजदूतले बुद्ध जन्मभूमि नेपालको लुम्विनी र कार्य भूमि भारतको बोधगया बीच भगिनी सम्बन्ध विस्तार गरी एकीकृत पर्यटनको विकास गर्न सकिने कुरा ब्यक्त गर्नुभयो ।

धर्मकीर्ति विहारका संस्थापिका गुरूमां धम्मवतीबाट 'बुद्धको शिक्षा प्रचार प्रसारमा विभिन्न यानको विवाद निरर्थक भएको सन्देश पठाउनु भएको उक्त गोष्ठीमा गोष्ठीका संयोजक मदन रत्न मानन्धरले स्वागत गर्नुका साथै कार्यक्रमको परिचय प्रस्तुत गर्नुभएको थियो । विहारका उपाध्यक्ष चमेली गुरूमांले गोष्ठीको सफलताको कामना गर्दै मन्तव्य राख्नुभयो भने स्वर्णमहोत्सवका संयोजक डा.रीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सोही सत्रमा प्रमुख अतिथि भारतीय राजदूतलाई संघनायक भन्तेबाट उपहार प्रदान गर्नुभयो भने राजदूतले गोष्ठीका प्रायोजक एवं विहारका उपाध्यक्ष श्री द्रव्यमानसिंह तुलाधरलाई कदरपत्र एवं उपहारद्वारा सम्मान गर्नुभएको थियो ।

उद्घाटन सत्र पश्चात् भिक्षु धर्ममूर्ति महास्थविर को अध्यक्षतामा सम्पन्न सत्रमा बौद्ध विद्वान, सद्धम्म कोविद (उप-प्राध्यापक श्री त्रिरत्न मानन्धरले 'नेपालमा थेरवाद बुद्धधर्म : उपलब्धि, अवसर र चुनौती विषयमा एक कार्यपत्र प्रस्तुत गर्नु हुँदै करिब १०० वर्ष पहिले नेपालमा पुनर्जागरित थेरवाद बुद्धशासनको इतिहास, त्यसले ब्यहोर्नु परेका विभिन्न वाधा, व्यवधान एवं हालसम्म यसले हासिल गरेका उपलब्धि वारेमा वृहत् रूपमा चर्चा गर्नुभयो । साथै थेरवाद शासनको कारणले नेपालीरूले बुद्धको शुद्ध शिक्षालाई यथार्थतः सिक्न, बुझ्न र बुझाउन पाएको सुअवसर माथि प्रकाश पार्दै त्यस बीचमा देखा परेका विभिन्न चुनौतीहरू पनि प्रस्तुत गर्नुभयो ।

भिक्षु कोण्डञ्ञको अध्यक्षतामा सम्पन्न, सत्रमा



Downloaded from http://www.dhamma.digital



(फोटो सौजन्य- अरुणसिद्धि तुलाधर)

*गोष्ठीमा सहभागी हुनुभएका भिक्षु भिक्षुणी एवं उपासकोपासिकाहरू*

दोश्रो कार्यपत्र 'नेपालमा थेरवाद बुद्धधर्म : कमजोरी र सामर्थ्य' विषयमा बौद्ध विदुषी, सद्धम्म पालक सुश्री सविता धाख्वा शाक्यले प्रस्तुत गर्नुहुँदै बुद्ध शिक्षा प्रचार प्रसार, अबलम्बन र व्यवहारिक प्रयोग अन्तर्गत देखिएका कमजोरी तथा बौद्धहरूमा विद्यमान सामर्थ्यहरूको सूक्ष्म रूपमा विश्लेषण समेत गर्नुभयो ।

कार्यपत्र प्रस्तुतिको क्रम समाप्त भए लगत्तै अध्यक्ष द्वयको संयुक्त अध्यक्षतामा शुरू भएको छलफल सत्रमा उपस्थित सहभागीहरू मध्येबाट १८ जनाले कार्यपत्र माथि विभिन्न प्रश्न सुझाव, कमी, कमजोरी तथा आ-आफ्ना गाउँठाउँको वर्तमान अवस्था समेत प्रष्ट्याउनु भयो । जसको प्रत्युत्तर कार्यपत्र प्रस्तोता द्वयले दिनुभयो भने, अध्यक्षद्वयबाट कार्यक्रमको औचित्य, आवश्यकता र महत्त्व बारेमा आ-आफ्ना सकारात्मक धारणा पनि राख्नुभयो । सो अवसरमा रायपोर्टियर टीमका अमिता तुलाधर र रामेश्वरी महर्जनले दुई वटै कार्यपत्रको प्रतिवेदन सुनाउनु भएको थियो ।

नेपालको विभिन्न १४ जिल्लाका भिक्षु, भिक्षुणी, प्रव्रजित गुरुमांहरू उपासक, उपासिका तथा संघ संस्थाका प्रतिनिधि गरी जम्मा १५४ जना सहभागीहरू सम्मिलित सो गोष्ठीको समापन समारोह संघउपनायक, अग्गमहापण्डित भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा सम्पन्न भयो । सभापतिको आसनबाट उहाँ भन्तेज्यूले सवैजनाको सहयोग एवं सहकार्यबाट बुद्ध शिक्षाको प्रचार प्रसार यथोचित ढंगबाट हुने कुरा बताउनु हुँदै कार्यक्रम आयोजक धम्मवती गुरूमां लगायत सम्पूर्ण टीमलाई बधाई ज्ञापन गर्नुभयो । रायपोर्टियर टीमका अर्का सदस्य प्रीतिवती गुरूमांले गोष्ठीको पूर्ण प्रतिवेदन प्रस्तुत गर्नुभएको सो समारोहमा विहारका सदस्य डा.सुमन कमल तुलाधरले गोष्ठीमा उठेका कुराहरूको ८ बुँदे निर्क्यौल प्रस्तुत गर्नुभएको थियो । रायपोर्टियर टीमका चारजना सदस्यहरू मध्ये अर्को सदस्य दीना कंसाकार हुनुहुन्थ्यो ।

कार्यपत्र प्रस्तोता द्वय, अध्यक्ष द्वय समेतलाई संघउपनायक बाट उपहार प्रदान गर्नुभए पश्चात् गोष्ठी उपसमितिका अर्का सदस्य नबिन चित्रकारबाट धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उद्घाटन सत्र र समापन सत्रको कार्यक्रममा उद्घोषण गरी सहयोग गर्नुहुने धर्मकीर्ति विहार संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकार हुनुहुन्थ्यो भने, कार्यपत्र प्रस्तुती सत्रको उद्घोषण निवर्तमान सचिव एवं का.स.मीना तुलाधरले गर्नु भएको थियो ।

स्मरणीय छ, सो गोष्ठी सम्पन्न गर्नका लागि १३ वटा विभिन्न टोली बनाई कार्य विभाजन गरिएको थियो र सबै जनाले आ-आफ्नो जिम्मेवारी कुशल एवं सफलतापूर्वक निभाउनु भएकोमा गोष्ठी समितिले सबै प्रति कृटज्ञता प्रकट गरेको छ । साथै गोष्ठीको सम्पूर्ण विवरण समेटेर एक प्रतिवेदन पुस्तिका निकट भविष्य मै प्रकाशनमा ल्याइने जानकारी पनि गोष्ठी उपसमितिले दिएको छ ।



Downloaded from http://www.dhamma.digital

# चन्दा

✍ **माधवी गुरूमां**, यल

उपासक, उपासिकापिनि दुःख सियाः कमाय् याना तःगु ध्यबा यथा श्रद्धां विहार वा बाहाः, बही, सतः देकीगुली चन्दा प्रदान याना बिज्याइ वा दिइ ।

व निगः प्यंगः ध्यवां गुलि मनूतेत उपकार जुया च्वनी । थः पिसं कमाय् यानागु ध्यवा थः ल्यूः ल्यू ज्वना वनेगुहे थ्व चन्दां खः । थ्व संसारे दक्व मनूते साहु महाजन ज्वीगु इच्छा दु । तर गुलिं गुलिं जक साहु जुया च्वन । व गथेले ? गुम्ह व्यक्तिं, न्हापा दान पुण्य याना वल, वयाहे थः भति भति ज्या याय्वंहे भन भन तःमी जुयाः साहु जुया च्वनी । दान मयाःपिं न्हापानं गरीब आनं गरीब । गबले तःमि ज्वीगु ?

विहार– देकेत श्रद्धा पूर्वक चन्दा तया विज्याइ थुकिया फल खने मदेक वै च्वनी । थ्व गुलिं गुलिसिनं जक स्यू ।

व विहारय् दिन प्रतिदिन बुद्धपूजा पाठ पूजा चले जुया च्वनी । हानं पर्व पर्वे ततःधंक ज्या, खँ, जुया च्वनी । अबले दुने निसें श्रद्धा दुम्ह व्यक्तिनं वयाच्वनी । भचा जक धर्म याइम्ह नं वयाच्वनी । आः भ्गीसं धायनु व थाय् पाप याइगु थाय् खः, धर्म यायगु थाय् जुल । व थाय् गज्यागु जुल ? मनूयागु कर्म सुधार याइगु ज्याय् न्हयब्वाकीगु छगू अमुल्यगु स्थान जूवनी। व विहारे वंपि मनूतय् गति भिनी कर्म बांलाइ नर्के वनेगु लँपु बन्द जू वनी अपो मनूत भिना वै । भिंगु ज्या याइपिं ज्वी, थ्व छुकीया प्रभाव ? श्रद्धावान्पिसं थः दुःख सियाः कमाय् याना तःगु ध्यवा निगः प्यंगः चन्दा तयाः विहार दय्का तःगु प्रभावं खः । अपो मनूतेगु कर्म भिना वै च्वनी । भिंगु लँपुई लाः वना च्वनी । थुकीया फलं चन्दा दाता पिन्त स्वतह खने मदेक पुण्यफल वयाच्वनी । थ्व अति उत्तमगु कार्य खः ।

विहारे जक मखु लँय् दय्का तःगु सतः फलचाः मर्मत याइगु लिई नं चन्दा तयाः गुहालि यात कि उकीया पुण्य फलनं वयाहे च्वनी । न्हापा न्हापाया आजु बाज्या पिसं लँय् वइपिं लँजुवाः तय्त आराम बीत सतः दय्का तई । व थासे गनं लिवाक वइपिं बाय् च्वने ज्यू, गनं छैं बुँ मदयाः च्वनेथाय् मदयाः च्वंपिं फ्वगिंत अन वासं च्वंवै । इमिसंनं खनेदय्कः आशिर्वाद मब्यूसां इमिगु मनं हिनूनं निसें स्वभावतः सुवाः (आर्शिवाद) वै च्वनि । थ्वहे पुण्यया फल चन्दा दाताया छैं खने मदेक लाभ, आम्दानी ज्वी । आयू ताहाकः ज्वी । रोग व्याधि कम ज्वी । अकाल गतिं सी माली मखु । थुकीया पुण्य फल वयाहे च्वनी ।

वथें वहाः वही, थ्व नं पाप याय्गु थाय् मखु न्ह्याम्हे सिनं चैत्य थियाः थःगु ल्हा भागि यानाः नमस्कार छको जक सां यानाः पुण्य याना वनी । अन नं चन्दा तय्गु उत्तम जूवनी । भ्गी धन कमाय् याय्गु खालि थः नय् थः त्वने व मोज मज्जा याय्त जक मखु । धनया सदुपयोग नं याय् सय्क्यमाः ।

भगवान बुद्धं आज्ञा दय्का तःगु दु– कमाय् यानागु धन प्यंगू भाग यानाः छय्ले सयक्यमाः (१) दान याय्त छब्व, (२) लाय् लगानी याय्त छब्व, (३) रोग ज्वीवलें वासः याय्त छब्व (४) आपद विपद ज्वीबले खर्च याय्त छब्व । थथे याय्सःसा जीवने गबलें दुःख दैमखु । आर्थिक समस्या वै मखु । थःम्हं तयागु निगः प्यंगः चन्दां यक्को उपकार जुया च्वनी । थासं थासे विहार दै बले अनयापिं लोकजनपिं स्वतहः धर्मे लगे जूवई । उकिंयानाः इमिगु जीवन सुधार जूवनी । थ्व फुकं पुण्य चन्दा दाता पिनिगु पुण्यया प्रभाव खः ।

उकिं थ्व अल्प चन्दा धकाः मती तय्मज्यू । थ्व यक्को महत्त्वपूर्ण जूवनी । उकिं श्रद्धावान् उपासक उपासिका पिसं विहार विहारे बहाः वही मर्मत याय थाय् चन्दा तयाः पुण्य यायेगुली लिफः स्वयाः विज्याय् मते । दिइमते थ्व जिगु अनुरोध खः । थ्व पुण्यं दुःखं मुक्तगु निर्वाण नं याकनं लाभ ज्वीमा । फुःसा थुगु जन्मे मफुसा मैत्रीय बुद्धया पालय् सां । ❖

---

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ **भद्रा कुण्डल केशा** (=जम्बू) पनि एक अभिमानी निर्ग्रन्थ विदुषी थिइन् । उनलाई पनि सारिपुत्रले धर्म सम्बादमा हराई भिक्षुणी बनाएका थिए । भद्रा कुण्डल केशाले गृहस्थी छँदा आफ्नै लोग्ने, जो सत्थुक नामको एक चोर थियो, लाई मारेकी थिइन् ।

★ जंगलवासीहरूमा अग्रस्थान प्राप्त भिक्षु **खदिर वनिय रेवत** सारिपुत्रको भाइ थियो । उनी आफ्नो विवाहको जन्तीबाट भागेर गई भिक्षु बन्न गएका थिए ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध शिक्षा थौंया आवश्यकता

✍ भिक्षु अमृतमान शाक्य

थौया अशान्ति कन्हेया शान्तिया लागि थवंथ जाःसा अशान्ति न्हंकें फै । छँ खा पतिकं शान्तिया अभियान न्हयाके फुसा गथे ताः मलाई शान्ति ! सकेसित मागु हे खः शिक्षा । शिक्षा बिना जुईमुख शान्ति । शिक्षां हे मनूयात मैत्री करूणा तय्गु वांलाःगु आचरण छ्यलेगु यायसै । थौंया २१ औं शताब्दी शिक्षा दयानं अशिक्षित व्यवहार जुयावनाच्वन । बौद्ध शिक्षा या अभावं मैत्री करूणा मुद्दिता उपेक्षा भावना मन्त । थवंथः राग द्वेष मोहले भुलेजुयाः उकीसं पञ्चशीलया अभावं मोजमस्तिया नामे फेसन, अनेक नयगु चाहिलेगु, लाःलाथें सना जुइगु, वाक स्वतन्त्रं याना मां बौ दाजु किजा थः थिति स्वमित्र न्ह्याम्ह हे जुसां सुना नं सुयातं बोलि वचन तय्गु मयात । उकीसं धर्मया नामे विदेशी संस्कृति नालाः थः व कतःयात अव्यवहारिक ज्याखँ याना जुया च्वन । भगवान बुद्धयात विश्वया शान्ति नायक धकाः धासां तवि मनूत फेसनया रूपे मनपरियाना जुयाच्वन । खला भ्रीगु देशय् हे थौं जनजातित आपालं दु सकेसिन थः थगु धर्म तःध चिधं धैगु भेदभाव जुयावल । तर धर्मया नामे अशान्ति मचे जुया च्वन ।

मनू जुयाः जन्म कया थें मनुतसें पशु व्यवहार यानावया च्वन । मनूनं मनूयात म्हसिकेगु विचाः मयात । शिक्षा दयान सिया न थुयानं आखिरे व्यवहारे सुधार यायेमफु । बांलागु भिंगु विचारयाःसा वांलाःगु हे जुई वांमलागु विचाः याःसां बामलानाहे वनि । तर मनूयात सुधार यायेत अनेक धर्म सामाजिक संघसंस्था खलः पुचः विहार न्ह्याक्वं दसां तबि न्यंतले स्वतले जक विद्वान धापिं नं आपालं दय् धुंकल । संचार माध्यमं चौविसै घण्टा धयाथें अनेक ज्ञानध्यानया खँतं प्रचारय् वया च्वन । तर अशान्ति न्हिथं बढेजुया च्वन । शान्तिया लागि अनेक कार्यक्रम जुया च्वंसां तवि तर देखावटि जक जुया च्वन । थौं नेपाः मि जुयाथें शान्तिं स्वाय्मदु थन । शान्तिया आव्हान याइपिं नेपाः मिं जनता थौं बौद्ध शिक्षाया अभावं अशान्तिया भुमरी तक्यना थवंथः माया दया धैगु सुनानं सुयातं तया च्वंगु मदु ।

शिक्षा दयानं अशिक्षित जुया च्वंपिं मनुतसें मनपरि लजगाःयानाः नया च्वन । तर मनू जुयाः स्वाय्त न्ह्यागु लजगाः याना नःसां छ्ः जुल धकाः थःगु हे सः ध्वय्का जुयाच्वन । चाहे राजनीतिम्ह नेताहे जुइमा चाहे शिक्षा लागा हे जुइमा चाहे फेसन फिल्म अनेक लजगाः अभ्रधाय्कि जिम्मेवारी क्वबुया च्वंपिं देशया रखवालि तसें तकं गैर जिम्मेवारी पूर्वक प्याखं न्ह्याका च्वंगु हुनि थौं । न्यायपालिका कार्यपालिका व्यवस्थापिका तकं भता भंगजुया वनाच्वन । तर नेपालय् जन्म जुया बिज्याःम्ह भगवान् बुद्धया सिद्धान्त धर्मयात च्यूता मतसे अनेक पार्टी यानां अनेक सिद्धान्तवाद यात छ्य् ला च्वन । तर कम्युनिष्टसं नाला च्वंगु सिद्धान्त छुः भचा बुद्ध धर्म नाप ज्वलासां तविं पुरा धर्मया सिद्धान्त नालाः राजनीति धर्मया नामेनं अनेक कथं राजनीति याना जुइपिसं याना देशय् न्हिया न्हिथं अशान्ति जुया च्वन । देश अभ्र अप्वहे विनासया लँपु पाखे न्ह्याःवना च्वंगु जुल । न्ह्याम्ह सरकार वसां सुनां सुयातं ग्वाहालि यायेगु विचाः मदु । क्व थलिगु पर म्परा थें न्ह्याना च्वन । तर देशया जिम्मेवारी सुयागु ल्हातय् लःल्हाय्गु खः । व भविष्यं केनी भगवान बुद्धया धर्मय् नं राजनीति दुने शिक्षा, व्यापार अनेक कथंया स्वयत् दु । भ्री नेपाः मि जनता तसें मस्यूगु मखु थन धर्मयानामे तक्कं राजनीति याइगु उकिसं शान्तिया लागि क्रान्ति तकं याना जुइ । तर विपरित कथं जुयाच्वनि । अनेक धर्म अनेक सिद्धान्त दसां तविं आखिरे नेपाः मि जनता यात माःगु शान्तिं खः । शान्तिं स्वाय्गु नैसर्गिक अधिकार धकाः सिकं सिकं हे मनुतसें थः थम्हं अशान्ति या भमरी तक्यना जुई । शान्तिया लागि अनेक कथं नारा संदेश प्रचार जुया च्वनी । विद्यालय स्तर निसें हे बुद्ध शिक्षा (नैतिक शिक्षा) या अभावं याना थौं न्ह्यागु ख्यलय्नं मनुतसें अनैतिक व्यवहार याना जुया च्वन । सीकं तायकं थःथम्हं गाःम्हुयाः थः हे क्वब्वाः वना च्वन ।

अथेहे छेँखा पतिकं हनावना मन्त । सुनानं सुयातं छुँ च्यूताःमतल । त्वाः मिलेमजुल स्वःस्वः थाय् फोहर, ल्वापु ख्यापु अनेक कचवं पिदन । तर मनूतसें थःगु शरीर थःयात च्यूताः मतलः थासं थासें ज्ञानबीगु बुद्ध भजनयाना न्यंका च्वंगु दु । न्यनाहे च्वंगु दु । अयनं मनूतसें बुद्ध भजनं ज्ञानमाला भजनं ब्यूगु शिक्षायात नालाकाःगु मदु । संगितया माध्यमं, भन्ते पिनिगु उपदेशया माध्यमं शान्तिया लागि प्रचार प्रसार जुया च्वंसां तबि बौद्ध तय् लागिजक धाइपिं व मनूजुया जन्म जुसेंलि मोजमस्ति भ्यलेपुनेमावले स्वामदुगु प्रचार याना जुल धकाः बौद्ध अनुयायी पिन्त हीस्याना च्वंपिं मदुगु मखु । भगवान बुद्धया धर्मयात सत्यया धर्म भापाः सिइकाः थुइकाः जीवन न्ह्याकल धाःसा जन्म जुयागु सार जुइ धकाः बौद्ध तसें अनुकरण यानाः थौं बौद्ध तय् छेँखा पतिकं शान्ति वास याना च्वंगु छैं मदुगु मखु । थौं शान्तिया लागि राजनीतिया सरोकार वालातसे देशय् शान्ति ध्वयकेत राजनीतिया कार्य कर्ता तय्त बौद्ध शिक्षा अध्ययन याकल धासा देशय् छुं भचा ह्यूपाः वइला धैगु आशायाये । ❖



Downloaded from http://www.dhamma.digital

# वर्षावास व कथिन विस्तर–छगू अध्ययन–८

✍ भिक्षु उपतिस्स

कठिन अस्तरण यायेगु क्वचाय् धुंकाः थपिं वर्षावास च्वंगु। उक्त/उगु) विहारय् विधिवत् कथं पूवंका वर्षावास च्वनाः पवारणा याना बिज्याःपिं दक्व भिक्षुपिं मुंकाः वसपोलपिनिगु पाखें कठिन अनुमोदन याकेमाः । वसपोलपिन्सं कठिन अनुमोदन यायेधुंकाः कठिन लाभ याःम्ह भिक्षुयात लाभ जुइगु आनिशंस दक्व वसपोलपिन्तः नं बराबर लाभ जुई ।

कठिन अनुमोदन याकेगु वाक्य : (कठिन चीवर लाभी भिक्षुं ब्वनेगु)

**"अत्थतं (आबुसो) भन्ते संघस्स कठिनं धम्मिको कठिनत्थारो कठिनं अनुमोदथ ।"**

कठिन अनुमोदन यायेगु बाक्य : (उपोसथागारय् अथवा थः वर्षावास च्वंगु विहारय् वर्षावास पूवंक च्वना पवारणा याना बिज्यापिं भिक्षुपिन्सं ब्वनेगु)

"अत्थतं भन्ते (आबुसो) संघस्स कठिनं धम्मिको कठिनत्थारो भन्ते अनुमोदाम ।"

★★★

**ततो कठिन मूलादि – आनिसंसादिकानि च**
**ञात्तब्बत्ता पवक्खामि – तानिचेत्थ यथारहं**

अनं ल्यु कठिनमूल आदि व कठिन आनिशंस आदि नं सिइका तयेमाःगु जुयाः (पूर्व आचार्यपिन्सं रचना यानातःगु गाथा अनुसार) उपयुक्त कथं व्याख्या याये ।

**कठिनस्स च किं मूलं – किं पत्थु का च भूमियो,**
**कति धम्मविदू भिक्खु – कठिनत्थारमरहति ।**

कठिनया मूल छु खः ? कठिनया वस्तु छु खः ? भूमि छु खः ? गुलि धर्म स्यूम्ह भिक्षु कठिन अस्तरण याये योग्यम्ह जुइ ?

**मूलमेतं सिमावत्थुं-तिविधं भूमियोपि च,**
**अट्ठधम्मा विदूभिक्खु-कठिनत्थारमरहति ।**

कठिनया निम्ति छगू कारण मूल जुई । कठिनया खंय् वस्तु दई। (अथेहे) खुगू भूमि दई। च्यागू धर्म (कारणत) स्यूम्ह भिक्षु कठिन अस्तरण याये योग्यम्ह जुई ।

**संघो मूलन्ति निद्दिदं – वत्थु होति ति चीवरं,**
**खोमादिनी च वुत्तानि – चीवरानि छ भूमियो ।**

संघया उपस्थिति व संघ लिसे सहकार्य मयासे कठिन बिइ फैमखुगु जुया कठिनया निम्ति संघ मूल जुइ धकाः धाःगु खः । स्वंगू वस्तु धाःगु स्वपु चीवर ज्वीगु खः। खुगू भूमि धाःगु (१) खोम (२) कोसेय्य (३) कप्पपिक (४) कम्बल (५) सान (६) भङ्ग खः । थ्व खोम आदि खुगू प्रकारया वस्त्रं दयेका तःगु चीवर जुइ ।

**पुब्ब पच्चुद्ददराधिट्ठा – अट्ठारमातिकापि च,**
**पलिबोधो च उद्धारो – आनिसंसेन अट्ठिमे ।**

कठिन अस्तरण याइम्ह भिक्षु विशेष सिइका तयेमाःगु च्यागू कारण :

(१) पूर्वकरण (२) पच्चुद्धरण (३) अधिष्ठान (४) अस्तरण (५) अस्तरण मातृका (६) पालिबोध (७) कठिनद्धारा (८) आनिशंस ।

**पूर्वकरण :**

**धोवनं च वचारो च – छेदनं च बन्धन पि च,**
**सिब्बनं रजनं कप्पं – पुब्ब करण इति वुच्चति ।**

न्हूगु कापः (वस्त्र) जूसा न्हापां हिइगु, गुलि चाना गोकु टुक्रा यायेगु खः उलि सुया माहनेत (सुइत) गाक्क सुका भाग तयेगु, भाग तःगु सुका अनुसार कापः चाय्गु, चाःगु टुक्रा कापः मुंकेगु, सुइगु, रंग छिइगु, कप्प बिन्दु तयेगु धका उल्लेख दक्व पूर्वकरण खः ।
कठिनया स्वंगू वस्तु धाःगु :– १) पच्चुद्दरण २) अधिष्ठान ३) **अस्तरण थुपिं स्वंगू ख :**

**संघाति उत्तरोसंगो – अथो अन्तरवासको,**
**पच्चुद्धारो अधिट्ठानं – अत्थारो पेवमेव तु ।**

न्हापां अधिष्ठान याना थम्हं परिभोग यानाच्वंगु स्वपु चीवर तोतेगु (हिला मेगु पुनेगु) यात पच्चुद्दरण धाइ। कठिन चीवर अधिष्ठान यायेगु यात (पभत) अधिट्ठान धाइ । कठिन अस्तरण यायेगु यात अत्थरण धाइ ।

**पक्कमनं च निट्ठानं – संनिट्ठानं च नासनं,**
**सवणा सा च सीमा च – सहुब्भारो ति अट्ठिये ।**

पक्कमन्तिका, निट्ठानन्तिका, सन्निट्ठानन्तिका, नासन्तिका, सवणन्तिका, आसवच्छेदिका, सीमाटिक्कन्तिका, सहुब्भरा धका धाःगु थुपिं च्यागू कठिनद्वार मातृका जुइ ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बुद्ध न त द्यः खः न त अवतार

✍ सुनिता मानन्धर

थीथी धार्मिक ग्रन्थ पुइका स्वःसा द्यः पिं यक्व दु । थुपिं मध्ये गुलिं द्यःया शक्तिं जन्म जूपिं धाइ । गुलिं द्यःया सन्तान जूपिं जुइ, गुलिं द्यःया अवतार जूगुलिं द्यः जूगु धाइ । साधारण कथं जन्म जूपिं द्यः पिं माले थाकु । तर तथागत बुद्ध छुं कथंया अवतारी मखु । वसपोल द्यःया अग्रदूत नं मखु । वसपोल छम्ह साधारण मनू कथं जन्म कया बिज्याःम्ह महान् व्यक्तित्व खः । वसपोल सुं द्यः या सन्तान नं मुख ।

वसपोल कपिलवस्तुया जुजु शुद्धोदन व लानि महामायादेवीया कोखं जन्म जुयाबिज्याःगु खः । साधारण मनू थें वसपोल नं भिलातक मांया गर्भय् च्वना बिज्यात । अनंलि ई त्ययेवं लानियात प्रसव व्यथा जुल । प्रसव व्यथां वसपोलया जन्म जुल । थौं नं प्रसव व्यथा जुइगु इलय् गुलिसतं तसकं कष्ट जुइ । तर गुलिसनिं अःपुक, याउँक हे मचा बुइकी । उकथं हे सिद्धार्थया जन्म जूबलय् छुं कथंया कष्ट मजू । लानि महामायादेवी याउँक हे मचा बुइकल ।

सिद्धार्थ मचाबलय् नं साधारण मस्तयसं थे व्यहार याःगु खँ बुद्ध जीवनी क्यं । बःचाधिकः जुइवं सिद्धार्थ मेपिं मस्तथे म्हितेगुयात । सिद्धार्थ दरबारय् च्वंपिं भाइभार दारया मस्तनाप म्हितल । ई जुइवं जुजुं वया शिक्षादिक्षाया लागिं गुरूपिंनाप स्वापू तल । न्ह्याम्ह हे मस्त जुइमा सकसिकें थःथःगु कथंया क्षमता दइ । थुकथं हे सिद्धार्थयाके नं दक्व विद्या थुयकाः कायेगु विस्कंगु क्षमता दु । अझ सिद्धार्थयात प्रतिभाशाली व्यक्तित्व कथं नं कायेफु ।

ब्याहा यायेगु ई त्ययेवं जुजुं सिद्धार्थया नं ब्याहा याना बिल । वया ब्याहा सुं देवकन्या वा अप्सरानाप जूगु मखु । थः बूगु हे दिं कुन्हु बूम्ह यशोधरादेवीनाप ब्याहा जुल । ब्याहा नं राजकुलधर्म व संस्कारकथं जूगु खः । अनं लिपाया वैवाहिक जीवन साधारण कथं हंगु खः । उमिपाखें काय (राहुल) नं बूगु खः ।

झीगु धर्मशास्त्रकथं स्वयेगु खःसा द्यवं बुइकूम्ह मचा द्यः हे जुइ । वा द्यवं प्रकट याःगु छुं दःसा व नं द्यः कथं माने याइ । थुकि यानाः थनं द्यःया सन्तानयात नं द्यः कथं कायेगु याइ । थन राहुल तथागत बुद्धया काय खः । तर नं राहुल छुं कथं दैवी शक्तिया कारणं प्रकट जूम्ह मुख । वयात यशोधरादेवी थःगु कोखय् तयाः बुइकल । व साधारण राजकुमार सरह ब्वलन । न्हयदँ दयेवं बुद्ध शासनय् दुहां वन । अनं लिपा प्रवजित जीवन हन । राहुल छम्ह द्यःया सन्ता मखु बरू मेम्ह सरह प्रवजित जुयाः निर्वाण प्राप्त यात ।

मनूया मन सदां स्थिर जुयाच्वनी मखु इं व परिस्थिति कथं हिला तुं च्वनी । अथे ला सिद्धार्थया मन नं थातय् मलाःगु खः । सिद्धार्थ राजकुमार जूगु कारणं दरवारया रमझमय् ब्वलन । तर छन्हु व चाःहिउ वंबलय् बुरा, रोगी व सीम्ह खन । थुकिं वयात ब्याकुल यानाबिल । वं थःम्हं मन तये मफुत । तर उकथं हे चाःहिउ वंगु इलय् जब छम्ह भिक्षु खन, उगु इलय् धाःसा वया मन शान्त जुल । थम्हं लँपु लुइका थें तायेकल । थुगु प्रतिया कारणं दरबारतकं त्वःतल । थन नं सिद्धार्थ द्यः या अवतार कथं कयातःगु मदु । वया प्रभावं बुरा, ल्यायम्ह जुल । रोगीया ल्वय् लन व सीम्ह म्वात धकाः धयातः गु मदु । सिद्धार्थयात छम्ह साधारण मनूकथं जक कयातःगु दु ।

छम्ह अबुया नुगःथःसन्तानपाखे गथे क्वसाइ खः सिद्धार्थ मन नं थः कायप्रति क्वसाःगु खः । सिद्धार्थ दरबार त्वःते न्ह्यः थः कलाः या क्वथाय वंगु व थः काय् व कला यात क्वथीक स्वःगु घटना थुकियात पुष्टि यानाबिउगु दु ।

सिद्धार्थ गृहत्याग यात । तर सिद्धार्थयात सुनानं ज्ञान बिउगु मखु । न अलौकिक शक्ति हे ज्ञान प्राप्त याःगु खः । थः हे अति कष्ट सियाः दुष्कर चर्या यात । अनं नं ज्ञान प्राप्त मजुल । अले ध्यान भावनापाखें अनित्यया बोध यानाः बुद्धत्व प्राप्त यानाबिज्यात । दुष्कर चर्याया इलय् वसपोल खुला तक द्यांलानाबिज्यात । थुवलय् वसपोलयात अति कष्ट जुल । शरीर क्लान्त जुयाः अनहे क्वःदल । अनंलि वसपोलं नं थःगु शरीरया लागिं अन्न ग्रहण यानाबिजयःगु खः थुगु इलय् नं वसपोलयात छम्ह साधारण मनूकथं जकं कयातःगु दु । सुनानं गननं द्यः भाः पियातःगु मदु । वसपोलं अन्न सेवन यायेवं पंचभद्रवर्गीय भिक्षुपिसं तकं त्वःता वंगु खः । अयन् वसपोल थःगु आज्जु मत्वःतू । थम्हं कुतः यायां दुःख कष्ट यात त्याकु त्याकुं थःगु आज्जु थ्यंकाबिज्यात ।

बुद्धत्व प्राप्ति लिपाया वसपोलया जीवन नं साधारणकथं न्ह्याःगु खनेद् बुद्धत्व प्राप्ति लिपा वसपोलं



Downloaded from http://www.dhamma.digital

मध्यम मार्गयात थुइकाबिज्यात । वसपोलं सकसितं बुद्ध शिक्षाया बारे उपदेश बियाबिज्यात। थुकथं उपदेश बीइगु इलय् नं वसपोल साधारण मनू थें त्यानु चाइगु खँ बुद्ध ग्रन्थय् न्ह्यथनातःगु दु । थुगु इलय् आयुष्मान आनन्द, आयुष्मान सारिपुत्र व आयुष्मान मोद्गल्यायन आदि श्रमण महास्थविरपिं पाखें धर्म देशना यानाबिज्याःगु खः । थन नं तथागत बुद्धं थः हे दकलय् च्वय् वा थम्हं हे दक्वं यायेफु धयागु भाव क्यनाबिज्याःगु मदु ।

तथागत बुद्धं सुयातं शत्रु भाःपिया बिज्याःगु मदु । वसपोलं गुबले शत्रुया दमन यायेत शस्त्र अस्त्र नं छ्यलाबिज्याःगु मदु । वसपोल शान्तिप्रिय व्यक्तित्व खः । शान्तिया अग्रदूत मखु । वसपोलयात शान्तगु लकस यः । उकिं वसपोलया विहारय् सदां शान्त जू । थन होहल्ला यायेगु वसपोलयात नं मयः । मज्झिम निकायया चातुम सुत्रय् तथागत बुद्धया विहारय् वयाः हो हल्ला याःपिं न्यासःम्ह भिक्षुपिंत वसपोलं विहारं पितिना छ्वःगु घटनां थुकियात पुष्टि याः ।

द्यः पिंत ल्वचं कल धाःगु खँ गनं नं न्यने मदु । बरू द्यवं न्ह्याथे जाःगु ल्वय् नं लंकेफु धयागु विश्वास सकसिके दु ।तर तथागत बुद्धयात प्वाःस्याःगु खँ बौद्ध ग्रन्थय् न्ह्थनातःगु दु । चुन्दकर्मारपुत्रया भोजन लिपा वसपोलयात बेदना जूगु खः । थुकियात वसपोलं थःगु ध्यान भावनां क्वत्यलाबिज्यात ।

बुद्ध जीवनी स्वयेगु इलय् गुलिं गुलिं घटना अजूयायेफु । अय्नं उकथंया घटना थौं नं झी व झीगु समाजय् मदुगु मखु । तथागत बुद्ध चय्दँया वैशय् सछि व खुइगु माइल न्यासि वंगु खँ मखु थें तायेफु । तर थौं नं सछिदँ दुपिं झी अजाअजिपिं गुलि बल्लाःपिं धिसिलाःपिं झी न्ह्यःने दु । थ्व द्यःया अवतार जुयाः मखु । बरू वय्कः पिनिगु भिंगु कर्मया फलया प्रभावं खः ।

झीसं थुइकागु धर्मकथं स्वयेगु खःसा द्यः सदा द्यः हे जुयाच्वनी । तर बुद्ध दर्शन कथं द्यः पिं नं देवलोकं च्यूत जुइमाः द्यः पिं नं सदां द्यः जुयाच्वने दइमखु ।

थ्व सकतां छुं छुं घटनाः जक जुल । थुकथंया घटना बुद्ध जीवनी व बुद्ध धर्मय् यक्व हे दु । थुकियात बःचा हाकलं धायेगु खः सा बुद्ध द्यःया कोखं बूम्ह द्यः मखु । साधारण कथं जीवन हनाः निर्वाण मार्ग थुइकाबिज्याःम्ह महान् व्यक्तित्व खः । उकिं बुद्ध न्ह्याम्हं जुइफु धयागु खँ नं बौद्ध साहित्यय् न्ह्यथनातःसु दु । ❖

# श्रद्धाको आँशु

✍ गौतम "शिशिर"
श्रीघः विहार

धर्मकीर्ति विहारको स्वर्ण महोत्सव २०७१ मा
भावुक भइ आँशु पोखियो मेरो पनि सम्झनामा
आज मलाई पनि डुबायो यसरी भावनामा
संगाली राखेका छु धम्मवती गुरूमांको गुण आत्मामा ।

रोइए धम्मवती गुरूमांको गुण सम्झिएर
हे श्रद्धालु उपासक नविन चित्रकार
धन्यवाद मन्तव्य भावुक मै रूझाउने
सबै जनाको आँखामा आँशु मन कसरी बुझाउने ?

अचेल जूनले पोल्न थाल्या छ मलाई
अचेल धम्मवती गुरूमांको गुणले पोल्न थाल्याछ मलाई
लुकेर एक्लै आँशु झार्छु अव वेदना
फागुन ३० गते एक दिवसीय गोष्ठीको आउँछ सम्झना ।

नविन चित्रकार रूनु भयो भावुक भएर नी
मैले पनि पाएँ धम्मवती गुरूमाँको स्नेह छ भाग्यमानी
आँशुका लहर उर्लेर आउँछ रोकेर रोकिन्न
मन भित्र छ विरह सारा पोखेर पोखिन्न ।

आज हेर्छु जता जता मेरो आँखामा नविन चित्रकारको
वहुमुल्य भावुक आँशु कै आउँछ झझल्को
मेरो आँखामा वरिपरि नै देख्छु घुमिरहेको
नेपाल थेरवाद बुद्धधर्ममा चुनौती धम्मवती गुरूमांको
र अविष्मरणीय देनले आँशु झरेको ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सहसचिव चन्द्रलक्ष्मी वज्राचार्य

✍ **दीना कंसाकार**

वि.सं. २०७१ फागुण १० गते आइतबार खुन्हु ६८ वर्षया उमेरय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सह-सचिव जुयादिल । मां सान्नानी वज्राचार्य बाः रत्नमानन्द वज्राचार्यया दातिम्ह म्ह्याय् जुयाः वि.सं. २००३ सालय् काठमाडौं भ्वाबहालय् जन्म जुयादीम्ह खः । वय्कःया छम्ह दाजु, छम्ह तता व छम्ह केहेँ दु । वयकः अविवाहित खः ।

त्रिभुवन विश्वविद्यालयनं B.E.D. व नेपाल भाषाय् M.A. यानाः शिक्षण पेशाय् ल्हाःतया दिल । वय्कलं सिद्धार्थ बनस्थली इन्स्टिच्यूटय् Math बिषय ब्वंकादीगु खः । छगू खँ दः आतकं लुमना वः वय्कनं जितः ७ कक्षाय् Math बिषय ब्वंकादीगु खः उकिं वय्कः जिगु गुरू नं खः ।

थःगु लजगाय् निवृत्त जुइ धुंकाः बुद्ध शिक्षा अध्ययनया नितिं बौद्ध परियत्ति सद्धम्म पालक तकं पास याना दिइगु दु । Therevada Buddhist Academy M.A. नं भर्ना जुया दीगु खः तर पूवंके मलाकं हे वय्क मन्त ।

बुद्धधर्म प्रति अतिकं मन क्वसाःम्ह वय्कः विभिन्न बौद्ध संस्थाया विभिन्न पद्य च्वनाः बुद्धशासन चिरस्थायी यायेत योगदान बियादिल । नेपाल परंम्परागत बौद्ध धर्म संघ कान्तिपुरया कार्य समितिया पूर्व सदस्य खःसा नेपाल बज्रयान महाविहार निर्माणय् १ लाख दां दान याना विहार या छगः जग स्वनेत नं ताःलाना दीगु दु । वज्रयानकथं बहा बहीलय् गुरूजुपिंपाखें पूजा याइबले गुरूमांजु जुयाः पूजा याना दिइ ।

हरेक बर्षय् धम्मवती गुरूमांया जन्मोत्सवय् थेरवाद, महायान र वज्रयान अनुसार पाठ याइबलय् बज्रयान विधि पाठ ब्वना दीगु खः । धम्मवती गुरूमांया वंगु जन्मोत्सव नं म्हंमफुसां अशक्त अवस्थाय् नं विहारय् झायाः पाठ याना दिल । थ्व छगू धम्मवती गुरूमांप्रति वय्कःया तः धंगु श्रद्धा खः । अथेहे बुद्धशिक्षा प्रचारप्रसार या उद्देश्यं सिद्धार्थ बनस्थली इन्स्टिच्यूटय् लय् छकः बुद्धपूजा व धर्मदेशना याकेगु कार्यक्रम तयादिइ ।

धार्मिक गतिबिधी साथसाथय् भाषा क्षेत्रय् नं उलि हे मन क्वसाःम्ह नेपाल भाषाया 'मिसा खलःया सदस्य जुयाः विभिन्न कार्यक्रमय् संलग्न जुयादिई ।

उलिजक मखु थः छेँया जःपिनि स्वास्थ्य प्रतिनं च्यूता तया दिइ धकाः वय्कःया परिवार पाखें धया दिल ।

थुगु दुःखया इलय् छेँजः पिसं प्रकृतिया नियमयात स्वीकार यासेँ अनित्यया खँ लुमंकाः मन ची फय्मा थुगु भव सागर याकनं तरे जुयाः निर्वाणया हेतु प्राप्त ज्वीमा धकाः आशिका याय् ।

साधु ! साधु !! साधु !!!

## धर्मकीर्ति पत्रिका साधारण सदस्यता नवीकरण सम्वन्धी विशेष सूचना !

वि.सं. २०७२ साल बैशाख महिनाको बैशाख पूर्णिमा देखि धर्मकीर्ति पत्रिकाले वर्ष ३३ अङ्क १ मा प्रवेश गर्दैछ । पत्रिकाको वार्षिक ग्राहकहरूद्वारा यस पत्रिकाको साधारण सदस्यता समयमा नै नवीकरण गराउनुभई वर्ष ३३ का सबै अङ्कहरू (१–१२ अङ्क) प्राप्त गरी सहयोग गरिदिनुहुन अनुरोध गरिएको छ ।

वार्षिक ग्राहक शुल्क रू. १००/– नै कायम भएको सूचना पनि जानकारी गराइएको छ ।

**धर्मकीर्ति पत्रिका, धर्मकीर्ति विहार**

श्रीघः नःघः, काठमाडौं, नेपाल



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### चित्त वग्गो क्रमशः

*२०७१ माघ २४ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य । प्रस्तुती- राजभाइ तुलाधर*

**अनवट्ठित चित्तस्स–सद्धम्मं अविजानतो ।**
**परिप्लनपसादस्स – पञ्ञा न परिपूरति ॥**

चित्तलाई ठीक ठाउँमा राख्न नसक्ने, राम्रो असल धर्म नजान्ने, संधै अप्रसन्न भइरहने त्यस्तो व्यक्तिको प्रज्ञा पूरा हुँदैन । उसलाई संधै के गरूँ, कसो गरूं भन्ने चिन्ताले सताइरहेको हुन्छ ।

**अनवस्सुत चित्तस्स – अनन्वाहत चेतसो ।**
**पुञ्ञपाप पहीणस्स – नत्थि जागरतो भयं ॥**

अनासक्त, स्थिर जाग्रत चित्त भएको व्यक्ति जसमा राग द्वेष मोह निर्मूल भइसकेको छ, त्यस्तो व्यक्ति पुण्य र पाप दुवैबाट अलग्ग भइ भयरहित भएर बस्दछ , अरहन्त हुन्छ ।

भगवान्ले उपरोक्त गाथाहरू चित्तहत्थ नाम गरेको भिक्षुको सन्दर्भमा भन्नु भएको थियो । सो भिक्षुले पटक पटक भिक्षु हुने र फेरि गृहस्थमा फर्कने गरिरहेका थिए । सातौं पटक भिक्षु हुंदा उनी फेरि फर्केर गृहस्थ हुन गएन । यस पटक उ अरहन्त हुन सफल भयो । अरू भिक्षुहरूले उसलाई कहिले फर्कने भनेर जिस्काउन थाले । यो कुरा भगवान कहाँ पुगेपछि वहाँले भन्नु भयो अब चित्तह्त्थ भिक्षु फेरि गृहस्थमा फर्कने छैन किनभने उ अरहन्त भइसकेको छ । अनि वहाँले ती गाथाहरू भन्नु भयो ।

**कुम्भूपमं कायमिमं विदित्वा, नगरूपमं चित्तमिदं ठपेत्वा ।**
**योधेथ मारं पञ्ञायुधेन, जितञ्च रक्खे अनिवेसनो सिया ॥**

यो शरीरलाई माटोको भांडा जस्तो सम्झी आफ्नो चित्तलाई जसरी कुनै नगरको किल्ला रक्षा गरिन्छ त्यसरी नै रक्षा गर्नुपर्छ र क्लेशरूपी मारलाई प्रज्ञारूपी अस्त्रले जित्नु पर्छ । जितिसकेपछि पनि ध्यानबाट प्राप्त हुने प्रीति, प्रसब्धि आदिमा अनासक्त भएर रहनु पर्दछ ।

भगवान्ले यो गाथा ५ सय भिक्षुहरूको सन्दर्भमा भन्नु भएको थियो जो जंगलमा गएर ध्यान भावना गर्न जाँदा बृक्ष देवताहरूले आफ्नो वासस्थानबाट उनीहरूलाई फर्काउन विभिन्न डरलाग्दो रूपहरू देखाएर तर्साएका थिए । भगवानले उनीहरूलाई तिमीहरूले उचित अस्त्र लिएर नगएकोले त्यहाँबाट भाग्नु पऱ्यो, अब उचित अस्त्र लिएर जानु भनेर मैत्री सूत्रको देशना गर्नु भयो । भिक्षुहरूले फर्केर गएर मैत्री भावना गर्न थालेपछि देवताहरूले उनीहरूलाई आदर गरेर बस्न दिए, र उनीहरूको साधना सफल भयो ।

**अचिरं वत यं कायो – पथविं अधिसेस्सति ।**
**छुद्धो अपेत विञ्ञाणो– निरत्थंव कलिंगरं ॥**

छोटो समयमा नै यो शरीर चेतना रहित भइ निर्जीव भएर काम नलाग्ने काठको मुढा जस्तै जमिनमा परिहने छ ।

भगवानले यो गाथा एकजना बिरामी भिक्षुको कारणमा भन्नु भएको थियो । सो भिक्षुको् शरीरमा खटिराहरू आएर दुर्गन्ध फैलिन थालेपछि अरू भिक्षुहरूले उसको साथ छाडिदिएका थिए । यो कुरा थाहा पाएर भगवान् आफै गएर उसको स्याहार संभार गर्नु भयो । त्यसपछि अरू भिक्षुहरू पनि आएर मद्दत गरे । ती सबै भिक्षुहरूलाई अवबोध गराउन भगवानले उपरोक्त गाथा भन्नु भएको थियो ।

### विषय – मूर्ख वर्ग, अंगुत्तर निकाय, दुकनिपात

*२०७१ फागुण १६ गते*

*प्रवचक- मदन रत्न मानन्धर । स्थान- धर्मकीर्ति विहार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालित शनिवारिय कक्षामा संचालित यसदिन प्रवचन मदन रत्न मानन्धरले मूर्ख वर्ग विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

– अंगुत्तर निकाय, दुकनिपात अन्तरगत मूर्ख वर्गमा उल्लेखित सूत्र नं. १०७ अनुसार मूर्ख धारण २ प्रकारका छन् । एक अविनयलाई विनय भनेर बुझ्दछ अर्थात् गर्न नहुने कार्यलाई गर्न योग्य कार्य सम्झन्छ अर्को विनयलाई अविनय भनेर बुझ्दछ अर्थात् गर्न योग्य कार्यलाई गर्न अयोग्य कार्यको रूपमा बुझ्दछ ।

– सूत्र नं १०८ अनुसार पण्डित धारणा पनि दुई प्रकारका छन् । एक अविनयलाई अविनय नै भनेर बुझ्दछ । विनयलाई विनय भनेर नै बुझ्दछ ।



Downloaded from http://www.dhamma.digital

अर्को विनयलाई विनय नै भनेर बुझ्दछ ।

– सूत्र नं १०९ अनुसार मूर्ख धारण दुईको कारणले आश्रव वढ्नेछ । पश्चाताप गर्नु नपर्ने कार्यमा पश्चाताप गर्नेछ भने पश्चाताप गर्नुपर्ने कार्यमा पश्चाताप गर्नेछु ।

– सूत्र नं ११० – आश्रव रहित हुन्छ १ पश्चाताप गर्नु नपर्ने ठाउँमा पश्चाताप गर्नेछैन । पश्चाताप गर्नुपर्ने ठाउँमा मात्र पश्चाताप गर्नेछ ।

## शोक सभा सम्पन्न

*२०७१ फागुण २९ शुक्रवार,*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सहसचिव चन्द्र लक्ष्मी वज्राचार्य फागुण १० गते आइतवार दिवंगत जुयादिल । वय्कःया पुण्य स्मृतिसं फागुण २९ गते शोक सभा ज्याभ्वः न्ह्याकूगु खः ।


धर्मकीर्ति विहारया धम्महलय् सम्पन्न जूगु थुगु ज्याभ्वः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् गोष्ठीया छ्याञ्जे लोचनतारा तुलाधरं न्ह्याकादीगु खः । गोष्ठीया दुजः दीना कंसाकारं दिवंगत चन्द्रलक्ष्मीया म्हसीका न्ह्यब्वयादीगु खः ।

धम्मवती गुरूमांया जन्मदिंया उपलक्ष्य दँयदसं न्ह्याकाच्वंगु छ्वाःया अभिधर्म पाठ ज्याभ्वले वज्रयानी गुरूमांपिनि पाखें न्ह्यलुवाः नकीं जुया गुरूमांया भिं उसाँय् व ता आयु कामना यासे वज्रयानी पाठ सूत्र पाठ ज्याभ्वः न्ह्याका च्वनादीम्ह वयकः सिद्धार्थ वनस्थली ब्वनेकुथी छुं दँ न्ह्यो तक नं अध्यापन ज्या यानाच्वनादीम्ह शिक्षिका खः ।

शोक सभाया ज्याभ्वले धर्मकीर्ति संरक्षण कोषया उपाध्यक्ष चमेली गुरूमां लगायत मेपिं गुरूमांपिं, धर्मकीर्ति संरक्षण कोषया छ्याञ्जे लोचनतारा तुलाधर व मेपिं दुजःपिं, धर्मकीर्ति ज्ञानमाला भजन खलःया छ्याञ्जे प्रेमलक्ष्मी तुलाधर व मेपिं दुजःपिं, लगायत मेपिं उपासको पासिकापिसं नं दिवंगत वज्राचार्यया किपाय् स्वाँ व खादा अर्पण यानाः श्रद्धाञ्जली प्वंकादीगु खः ।

ज्याभ्वःया अन्तय् सकल उपासककोपासिका पिंसं वय्कया पुण्यस्मृतिस पाःलाक पुण्यानुमोदन यानादीगु खः ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*बि.सं. १९९२ वैशाख कृष्णपक्ष, द्वितीय*

*दिवंगत :*
*बि.सं. २०७१ फागुन ५ गते, शिवरात्री*

# दिवंगत रूद्रबहादुर खड्गी

धर्मकीर्ति पत्रिकाको विशेष सदस्य उपासक रूद्रबहादुर खड्गी ७९ वर्षको उमेरमा दिवंगत हुनुभयो । दिवंगत उपासकको परिवारले यस दुःखद घटनाबाट प्रकृतिको सत्यता (अनित्य, दुःख र अनात्म) रूपी त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् ।

यसको साथै दिवंगत उपासकको परलौकिक जीवन सुखमय बनी यथासिध्र निर्वाण हेतु प्राप्त होस् भनी मैत्रीपूर्वक पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## विषयः दान गरेको आँखाको सफल प्रत्यारोपण

नगदेश बुद्ध विहारका उपासिका तुईल माया बाडे गत २०७१ चैत्र ३ मंगलबार ७६ वर्षको उमेरमा देहावसा न भए लगतै परिवारजनको पूर्ण सहमतिमा मृतक उपासिकाको दुवै आँखा तिलगंगा आँखा प्रतिष्ठानलाई दान गरिएको समाचार छ। दान गरेको उक्त आँखा जनकपुर निवासी २४ वर्षीय "मेहता" थरका युवकलाई र अर्को आँखा पाटन शहर निवासी २१ वर्षीया "महर्जन" थरकी महिलालाई सफल प्रत्यारोपण गरेको बुझिन आएको छ।

अतः यस्तो पवित्र दान उपपारमितानुभावद्वारा मृतक उपासिका तुईल माया बाडेको सद्गति र निर्वाण कामना गरिएको छ।

## विषयः नगदेश बुद्ध विहारको प्राङ्गणमा पवित्र "महापरित्राण"

नगदेश बुद्ध विहारका वरिष्ठतम् उपासक, ध्यानसाधक बयोबृद्ध श्री आशानरसिंह धुँमन र वहाँको परिवारजनको सश्रद्धामा मुलुकमा शान्ति र मङ्गल कामना लगायत आफ्नै धर्मपत्नी सानुमाया धुँमनको जन्मदिवसको शुभ उपलक्ष्यमा र दिवंगत आफ्नो एक्लो छोरा काजिनर सिंह धुँमनको सदगति कामना गरी श्रद्धेय भिक्षु महासंघलाई आमन्त्रण गरी एक दिने पवित्र महापरित्राण पाठ सम्पन्न गरिएको समाचार छ। सो पवित्र महापरित्राणमा भिक्षु महासंघको तर्फबाट वरिष्ठ श्रद्धेय भिक्षुहरू गुणघोष महास्थविर, धम्मशोभन महास्थविर, शीलभद्र महास्थविर लगायत भिक्षु महासंघका श्रद्धेय महासचिव भिक्षु कोण्डण्य समेतको समुपस्थितिमा एवं संयोजकको भूमिकामा श्रद्धेय भिक्षु कोलित र सद्धातिस्स आदि रहनु भएको पवित्र समारोहमा समापन पश्चात् पुण्यानुमोदन गरी पवित्र जल र सूत्र धागो वितरण गरिएको थियो।

## मैत्रीय युवा संघको १८ औं वार्षिक उत्सव

मैत्रीय युवा संघको १८ औं वार्षिक उत्सव थथुवही जयकीर्ति महाविहारमा सम्पन भएको समाचार छ।

पञ्चशील प्रार्थना बाट शुरू भएको उक्त कार्यक्रम प्रमुख अतिथि श्रद्धेय ञाणवती गुरूमांले उद्घाटन गर्नु भएको थियो। मैत्रीय युवा संघका अध्यक्ष सत्य लक्ष्मी रन्जितकारको सभापतित्वमा संचालित उक्त कार्यक्रममा उपाध्यक्ष तिर्थराज वज्राचार्यले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो। परियत्ति शिक्षाका शिक्षक रेणु त्वायना निवन्ध प्रतियोगितामा द्वितीय स्थान प्राप्त गर्नु भएको जमुना गोसाइले परियत्ति शिक्षा सम्वन्धी अनुभव व्यक्त गर्नु भएको थियो। एभेरेष्ट इङ्गलिस स्कूलका प्रिन्सिपल श्री भक्त राजभण्डारी र जेनिथ ईङ्गलिस स्कूलका सहायक पिन्सिपल सुन्दर सुवाल ज्यू ले स्कूलमा परियत्ति शिक्षा पढाएर विद्यार्थीहरूलाई उपलब्ध भएको बारे प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। त्यस्तै परियत्ति शिक्षालाई व्यवस्थित रूपमा सन्चालन गर्नको लागि आर्थिक सहयोग गर्नु भएका दाताहरू– जोगलक्ष्मी वज्राचार्य सूर्य शोभा वज्राचार्य, लक्ष्मी शोभा वज्राचार्य न्हुन्छे कुमार लासिबा माइला तामाङ्ग, संघ रत्न शाक्यलाई ञाणवती गुरूमांले बुद्ध मूर्ति उपहार प्रदान गर्नु भएको थियो। परियत्ति शिक्षा पढाउँदै आउनु भएका शिक्षिका रेणु त्वायनालाई पनि संघका उपाध्यक्ष तिर्थराज वज्राचार्यले कदर-पत्र प्रदान गर्नु भएको थियो।

युवा बौद्ध पुचः अध्यक्ष धर्म रत्न शाक्यले शुभ कामना मन्तव्य दिनुभएको उक्त कार्यक्रममा मुख्य अतिथि ञाणवती गुरूमांले परियत्ति शिक्षालाई वच्चा देखि नै पढाउनु पर्ने र भक्तपुरमा एभरेष्ट इङ्गलिस स्कूल र जेनिथ इङ्गलिस स्कूल वाट पनि परियत्ति शिक्षा पढाउँदै आएको कुरा धेरै प्रशंनिय भएको र पछि सम्म परियत्ति पढाउँदै गएमा विद्यार्थिहरू नैतिकवान् चरित्रवान हुनसक्ने सान्दर्भिक मन्तव्य व्यक्त गर्नु भयो।

कायक्रममा संघका सचिव सन्चित बुद्धाचार्यले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ! सभामा सभापति सत्यलक्ष्मी रन्जितले धन्यवाद को साथै सभा विसर्जन गर्नु भयो। मैत्रीय युवा संघको विद्यान अनुसार नयाँ कार्य समिति गठन भइ उक्त कार्य समितिका नारी जातिलाई पनि नेतृत्व जिम्मा दिनुपर्ने उदेश्य लिइ यसरी कार्य समिति गठन भएको थियो।

१) अध्यक्ष – सत्य लक्ष्मी रन्जितकार
२) उपाध्यक्ष – तिर्थराज वज्राचार्य
३) सचिव – सन्चित बुद्धाचार्य
४) सह-सचिव – रश्ना वज्राचार्य
५) कोषाध्यक्ष – माइला दोङ्ग
६) सदस्यहरू–रूद्र चित्रकार, जमुना गोसाइ, प्रमिला धुख्वा
९) सल्लाहकार – लक्ष्मी चन्द्र वज्राचार्य,



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि -*
बि.सं. २००३ भाद्र २८

*मदुगु न्हि -*
बि.सं. २०७१
फागुन १० गते

# दिवंगत चन्द्रलक्ष्मी वज्राचार्य

भ्वाःबहाः यँ

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी कार्यसमितिया सह-सचिव, धर्मकीर्ति विहारया थिथि ज्याइवलय् सक्रिय जुयाः योगदान बियादयूम्ह, मय्जु **चन्द्रलक्ष्मी वज्राचार्य** दिवंगत जुयादिल । दिवंगत उपासिकाया धर्मप्रति योगदानयात गुणानुस्मरण यासे वय्कःया सुगति व निर्वाण कामना याना । अथेहे थुगु इलय् दुःखं कःपिं वय्कःया सकल छ्यँजःपिसं धैर्य धारण यायफय्मा धकाः मैत्रीपूर्वक विचाः हायका च्वना ।

**– धर्मकीर्ति संरक्षण कोष**
**– धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**– धर्मकीर्ति मासिक पत्रिका**
**– धर्मकीर्ति स्वास्थ्य कमिटी**
**– धर्मकीर्ति पुस्तकालय**
**– धर्मकीर्ति शिक्षा सदन**
**– धर्मकीर्ति ज्ञानमाला भजन**
**– धर्मकीर्ति पब्लिक इमेज**
**– धर्मकीर्ति प्रव्रज्या उपकमिटी**



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म:*
बि.सं. २००७
भाद्र २ गते

*दिवंगत:*
बि.सं. २०७१
पौष ६ गते, आइतवार

# दिवंगत विष्णुमाया वासि

जिमि जहान विष्णुमाया वासि ६४ दँया उमेरय् दिवंगत जुल । दिवंगत जहानया सुगति सहित निर्वाण कामना यासे जिपिं परिवार पिनि पाखेँ मैत्रीपूर्वक पुण्यानुमोदन यानाच्वना ।

*जहान:*
**कर्णबहादुर वासी**

*काय् / भौपिं:*

**रत्नप्रसाद वासि – शुभलक्ष्मी वासि**
**राजु वासि – न्हुच्छेलक्ष्मी वासि**
**राजेश वासि – दयालक्ष्मी वासि**

*म्ह्याय् / जिलाजंपिं:*

**विष्णुकेशरी – लहरमान**
**पुण्यश्वरी – पुण्यराम दुवाल**
**नकली – लक्ष्मी सुन्दर**

*छुइपिं:*

**रोजिता वासि, रूजा वासि**
**सनिता वासि, रानु वासि**
**श्रीक्षा वासि, रेसा वासि**
**रिजेश वासि**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




**धर्मकीर्ति विहार स्वर्ण महोत्सवको उपलक्ष्यमा आयोजित एक दिवसिय गोष्ठी उद्घाटन गर्नुहुँदै नेपालका लागि भारतिय राजदूत**

**वर्ष-३२; अङ्क-१२** **बु.सं. २५५८, ल्हुति पुन्हि**

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



जन्म:
बि.सं. १९९७
पुस १ गते

दिवंगत:
बि.सं. २०७१
चैत्र ६ गते

# दिवंगत हिरण्यसिद्धि वज्राचार्य

अतिकं हनेबहः म्ह, लुमंके बहः म्ह जिमि जहान हिरण्यसिद्धि वज्राचार्य ७४ वर्षया उमेरय् दिवंगत जुया बिज्याःगुलिं वय्‌कःया सुगती व निर्वाण कामना याना च्वना ।

थुगु दुःखद् घडी जिमित धैर्य धारण धाय्‌गु लागी आश्वासन बिया बिज्यापिं सकल हितकामीपिन्त नं धर्मया आनुभावं भिं जुइमा, कल्याण जुइमा धकाः आशिका यानाच्वना ।

जहान: तारासिद्धि वज्राचार्य

काय्: माइकल सिद्धि वज्राचार्य – भौमचा: सुजिता सिद्धि वज्राचार्य

छ्य्: दिभा सिद्धि वज्राचार्य

| म्ह्याय्‌पिं: | | म्ह्याय् जिलाजपिं: | छ्य्‌पिं: | | छ्य्‌भौमचा: |
|---|---|---|---|---|---|
| सुभद्रा वज्राचार्य | – | | सुदिपमणि वज्राचार्य | – | प्रतिभा वज्राचार्य |
| अलिन्द्रा शाक्य | – | सर्वज्ञरत्न शाक्य | सुयारा वज्राचार्य | | |
| पल्पसा बत्रा | – | दीपक बत्रा | असिम शाक्य | | |
| | | | स्नेहा शाक्य | | |
| | | | आदित्य बत्रा | | |
| | | | अविक बत्रा | | |

Downloaded from http://www.dhamma.digital